# पञ्चकन्या गाउँपालिका

## भूकम्प पश्चात्को पुनर्निर्माण योजना

(Post-Earthquake Reconstruction Planning – PERP)

भाग १

## पुनर्निर्माण तथा पुनर्लाभ स्थिति विश्लेषण

## प्रतिवेदन

पञ्चकन्या गाउँकार्यपालिकाको कार्यालय, नुवाकोट

२०७४

# विषय सूची


**१. परिचय ........ ७**

१.१ प्रतिवेदनको उद्देश्य तथा समेट्ने क्षेत्र ........ ७

१.२ योजनाको आवश्यकता ........ ७

१.३ प्रतिवेदन तयारी विधि तथा प्रक्रिया ........ ७

१.३.१ तथ्याङ्क संकलन ........ ८

१.३.२ तथ्याङ्को प्रसोधन तथा तालिका तयारी ........ ८

१.३.३ नक्साङ्कन ........ ८

१.३.४ तथ्यांकको पुनः जाँच ........ ९

१.३.५ प्रतिवेदनको प्रमाणीकरण ........ ९

१.४ अध्ययनको सिमा ........ ९

**२. गाउँपालिकाको विवरण ........ १०**

२.१ सामान्य पृष्ठभूमि ........ १०

२.२ गाउँपालिकाको गठन ........ १०

२.३ अवस्थिति तथा पहुँच ........ १०

२.४ भू-धरातल तथा भू-उपयोग ........ ११

२.४.१ भिरालोपना ........ ११

२.४.२ भू-उपयोगको विवरण ........ ११

२.५ जनसांख्यिक विवरण ........ ११

२.६ भौतिक पूर्वाधार ........ १२

२.७ सामाजिक विकास ........ १३

२.७.१ स्वास्थ्य ........ १३

२.७.२ शिक्षा ........ १३

२.७.३ खानेपानी ........ १३

२.७.४ सरसफाई ........ १४

२.८ आर्थिक अवस्था ........ १४

२.९ संस्थागत अवस्था ........ १५

**३. भुकम्प पश्चात्को अवस्था ........ १८**

३.१ संक्षिप्त विवरण ........ १८

३.२ आवास तथा वस्ति ........ १८

३.२.१ भुकम्पबाट भएको क्षति ........ १८

३.२.२ राहत कार्यक्रम ........ १८

३.३ खानेपानी तथा सरसफाई ........ १९

३.३.१ खानेपानी ........ १९

३.३.३ पुनर्निर्माण र पुनर्स्थापनाका लागि वित्तीय आवश्यकता ........ २०

३.३.४ सरसफाई ........ २१

३.४ विद्यालय ........ २१

३.५ स्वास्थ्य ........ २२

३.६ सार्वजनिक भवनहरु ........ २४

३.६.१ सरकारी भवनहरुको पुनर्निर्माण र पुनर्स्थापनाका लागि वित्तीय आवश्यकता ........ २५

३.७ सांस्कृतिक तथा पुरातात्विक सम्पदा ........ २५

३.७.१ पुनर्निर्माण र पुनर्स्थापनाका लागी वित्तीय आवश्यकता ........ २६

३.८ सिंचाइ ........ २६

३.८.१ पुनर्निर्माण र पुनर्स्थापनाका लागी वित्तीय आवश्यकता ........ २७

३.९ भुकम्पबाट प्रभावित अन्य पुर्वाधारहरु ........ २७

३.९.१ सडक र यातायात ........ २७

३.९.२ सञ्चार ........ २८

३.९.३ सडक, पुल र पदमार्ग ........ २८

३.१० जलविद्युत तथा विद्युतीकरण ........ २९

३.११ सामाजिक सुरक्षा र जिविकोपार्जन ........ २९

३.११.१ सङकटासन्नताको अवस्थाका समुदाय ........ २९

३.११.२ जिविकोपार्जन ........ २९

**अनुसूची : स्रोत नक्साहरु ........ ३१**

## तालिका सुची


तालिका नं. १: गाविसबाट गाउँपालिका बन्दाको अवस्था ........ १०
तालिका नं. २: भिरालोपनाको अवस्था ........ ११
तालिका नं. ३: भु-उपयोग सम्बन्धी विवरण ........ ११
तालिका नं. ४: वडागत जनसङ्ख्या ........ १२
तालिका नं. ५: जनसङ्ख्याको जातिगत विवरण ........ १२
तालिका नं. ६: विद्यालयको वडागत वितरण ........ १३
तालिका नं. ७: विद्यार्थी सङ्ख्या सम्बन्धी विवरण ........ १३
तालिका नं. ८: खानेपानीको स्रोत ........ १४
तालिका नं. ९: शौचालय सम्बन्धी विवरण ........ १४
तालिका नं. १०: गाउँपालिकामा कार्यरत सहकारी संस्थाहरुको विवरण ........ १४
तालिका नं. ११: जनप्रतिनिधिहरु सम्बन्धी विवरण ........ १६
*तालिका नं. १२: गाउँपालिकामा कार्यरत सरकारी संघसस्थाहरु* ........ १६
तालिका नं. १३: गाउँ कार्यपालिकाका कर्मचारीहरुको विवरण ........ १७
तालिका नं. १४: गाउँपालिकाको संस्थागत विवरण ........ १७
तालिका नं. १५: भुकम्पबाट भएको क्षतिको विवरण ........ १८
तालिका नं. १६: संलग्न संस्था तथा कार्यक्रमहरु ........ १९
तालिका नं. १७: खानेपानी आयोजनाको क्षतिको अवस्था ........ २०
तालिका नं. १८: क्षतिग्रस्त खानेपानी आयोजनाबाट प्रभावित घरधुरी संख्या ........ २०
तालिका नं. १९: खानेपानी आयोजनाको लागि वित्तीय आवश्यकता ........ २०
तालिका नं. २०: सरसफाई सेवा सुधारमा संलग्न संघसंस्थाहरु ........ २१
तालिका नं. २१: विद्यालयको कक्षाकोठाको क्षतिको अवस्था ........ २१
तालिका नं. २२: भवन अनुसार पुनर्निमार्णको आवश्यकता सम्बन्धी विवरण ........ २२
तालिका नं. २३: विद्यालय पुनर्निर्माणको अवस्था (भवन अनुसार) ........ २२
तालिका नं. २४: स्वास्थ्य संस्थाहरुको क्षतिको अवस्था ........ २३
तालिका नं. २५: स्वास्थ्य संस्थाहरुको पुननिर्माणको आवश्यकताको अवस्था सम्बन्धी विवरण ........ २३
तालिका नं. २६: स्वास्थ्य संस्थाहरुको पुनर्निर्माणको अवस्था ........ २३
तालिका नं. २७: स्वास्थ्य क्षेत्रको पुनर्निर्माण तथा पुनर्स्थापनाका लागी कार्यरत संघसस्थाहरु ........ २४
तालिका नं. २८: क्षतिग्रस्त सामुदायिक तथा सहकारी भवनहरुको संरचनागत विवरण ........ २४
तालिका नं. २९: सामुदायिक तथा सहकारी भवनहरुको क्षतिको अवस्था ........ २४
तालिका नं. ३०: वित्तीय आवश्यकता (सामुदायिक तथा सहकारी भवनहरु) ........ २५
तालिका नं. ३१: क्षति भएका पुरातात्विक सम्पदाहरुको क्षतिको अवस्था ........ २५
तालिका नं. ३२: क्षति भएका पुरातत्विक सम्पदाहरुको पुनर्निर्माणको आवश्यकताको अवस्था ........ २६
तालिका नं. ३३: वित्तीय आवश्यकता ........ २६
तालिका नं. ३४: क्षति भएका सिचाई योजनाहरु ........ २६
तालिका नं. ३५: वित्तिय आवश्यकता ........ २७
तालिका नं. ३६: क्षतिग्रस्त सडकहरु ........ २८

तालिका नं. ३७: क्षतिग्रस्त पुलहरु ........ २८
तालिका नं. ३८: क्षतिग्रस्त पदमार्ग ........ २८
तालिका नं. ३९: पहिरोग्रस्त क्षेत्र ........ २९

२८
२८
२९

# १. परिचय

पञ्चकन्या गाउँपालिकाको भूकम्प पश्चात्को पुनर्निर्माण योजना (Post-Earthquake Reconstruction Plan) तयारीको सन्दर्भमा यो पुनर्निर्माण तथा पुनर्लाभ विश्लेषण प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनले २०७२ साल वैशाख १२ गतेको मुख्य विनासकारी भूकम्प र त्यस पछिका अन्य विनासकारी भूकम्पहरुबाट भएको क्षति र त्यसपछि भएका पुनर्निर्माण तथा पुनर्लाभका कार्यहरु समेतलाई समेटी यो प्रतिवेदन तयार गरिएको छ । यो प्रतिवेदनमा मुलतः सार्वजनिक संरचनाहरु तथा त्यससंग सम्बन्धित अन्य पक्षहरुलाई समेटिएको छ भने यसले २०७४ शाल श्रावण मसान्त सम्मको अवस्थालाई मात्र चित्रित गर्दछ । पञ्चकन्या गाउँपालिकाको लागि तयार गरिएको यो प्रतिवेदन बेलायती सहयोग नियोग (DFID) को सहयोगमा ICF International द्वारा तयार गरिएको हो ।

## १.१ प्रतिवेदनको उद्देश्य तथा समेट्ने क्षेत्र

भूकम्प पछिको क्षतिग्रस्त सार्वजनिक संरचनाहरु मध्ये पुनर्निर्माण हुन जरुरी रहेका बाँकी संरचनाहरुको पुनर्निर्माण र पुनर्लाभ योजना तयारीको लागि आवश्यक सूचनाहरु प्रस्तुति तथा विश्लेण गर्नु यस प्रतिवेदनको मुख्य उद्देश्य हो ।

भूकम्प पश्चात्को पुनर्निर्माण योजनाको पहिलो भागको रुपमा रहेको यस प्रतिवेदनलाई जम्मा चार अनुच्छेदमा वर्गीकरण गरिएको छ । प्रतिवेदको पहिलो अनुच्छेदमा परिचय, दोस्रोमा गाउँपालिकाको सामान्य विवरण, तेस्रोमा भूकम्पपछिको अवस्था जसमा मुलतः सार्वजनिक संरचनाहरुलाई समेटिएको छ र अन्तिम अर्थात चौथो अनुच्छेदमा समग्र अवस्थाको विश्लेषण तथा निष्कर्षलाई समावेश गरिएको छ । यो प्रतिवेदन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले जारी गरेको भूकम्प पश्चात्को पुनर्लाभ ढाँचा, (PDRF) तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जारी गरेको एकीकृत पुनर्निर्माण तथा पुनर्लाभ योजना निर्देशिकामा आधारमा रहि तयार गरिएको छ । यो प्रतिवेदनले पञ्चकन्या गाउँपालिकाको क्षेत्रलाई समेटेको छ ।

## १.२ योजनाको आवश्यकता

त्यसैपनि सन्तोषजनक अवस्थामा नरहेको विकासका पूर्वाधार तथा सेवा प्रवाहको स्थिति विनाशकारी भूकम्पका कारण अझ कमजोर बन्न पुग्यो । यस बिचमा सरकारी तथा अन्य संस्थाहरुको सहयोगमा कतिपय पुर्नार्निर्माण तथा पुनर्लाभको कार्यहरु सम्पन्न भईसकेका छन् । यद्यपी, उल्लेख्य संख्यामा पुनर्निर्माणको कार्य तथा पुनर्लाभ सम्बन्धी थप कार्यहरु गर्न बाँकी रहेको अवस्था छ । यसै आवश्यकतालाई पुरा गर्न गाउँपालिका स्तरको पाँच वर्षे पुनर्निर्माण तथा पुनर्लाभ योजना तर्जुमाका लागि आवश्यक आधार सूचना प्रस्तुत गरिएको छ ।

२०७३ साल चैत्र २४ गते नेपाल सरकारले स्थानीय तहहरुको पुनर्संरचना गरेपछि स्थानीय तहले नयाँ संवैधानिक व्यवस्था अनुसारको अधिकार प्राप्त गरे । स्थानीय स्तरको योजना तर्जुमा तथा कार्यान्वयको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको छ । यस जिल्लामा २०७४ वैशाख ३१ गते स्थानीय तहको निर्वाचन सम्पन्न भई जनप्रतिनिधिहरु बहाल भई सकेको छन् । यस स्थितिमा निर्वाचित प्रतिनिधिहरुबाट गाउँपालिकाको पाँच वर्षे पुनर्निर्माण तथा पुनर्लाभको योजना तर्जुमा भई त्यस योजनाको आधारमा विभिन्न निकायहरुको स्रोतहरुबाट हुने लगानीलाई निर्देशित गर्ने वातावरण निर्माण भएको छ ।

## १.३ प्रतिवेदन तयारी विधि तथा प्रक्रिया

यो प्रतिवेदन केन्द्रीय निकायहरुबाट संकलन गरिएका प्रतिवेदन तथा डिजिटल डाटाहरु, जिल्ला स्तरका कार्यालयहरुबाट संकलन गरिएका प्रकाशित तथा अप्रकाशित दस्तावेजहरु, गाँउ विकास समितिहरुबाट संकलित

दस्तावेजहरु, गाउँ विकास समिति स्तरमा भएका छलफलबाट प्राप्त सूचनाहरुको आधारमा तयार गरिएको छ । प्रतिवेदन तयार गर्न मूलत निम्न दस्तावेजहरुलाई प्रयोगमा ल्याईएको छ ।

- नेपाल सरकारबाट प्रकाशित स्थानीय तहको पुर्नसंरचना प्रतिवेदन ।
- २०६८ सालको जनगणना प्रतिवेदन ।
- जिल्लाको पिडिएनए प्रतिवेदन ।
- केन्द्रीय निकायहरुबाट संकलित डिजिटल नक्साहरु ।
- जिल्ला स्थित कार्यालयहरुका प्रकाशनहरु ।

यो प्रतिवेदन तयारीका लागि अवलम्बन गरिएका विधि प्रकृयाहरु देहायअनुसार रहेका छन्

### १.३.१ तथ्याङ्क संकलन

संकलित प्रकाशनहरुबाट प्राप्त हुन नसकेका तथ्यांकहरु संकलनका लागि स्थलगत रुपमा छलफल गरी सूचना संकलन गर्ने उद्देश्यले आवश्यक फारमको विकास गरिएको थियो । फाराम अनुसार गाउँ विकास समितिहरुबाट उपलब्ध दस्तावेज तथा समूह छलफलको माध्यमबाट सूचना संकलन गर्न इन्जिनियरहरुको छनोट गरी अभिमुखिकरण गरिएको थियो । टोलिले २०७३ साल फाल्गुण १२ गते देखि चैत्र २१ गतेसम्म सम्बन्धित गाउँ विकास समिति स्तरमा छलफल गरी सूचना संकलन गर्ने तथा नक्सा अद्यावधिक गर्ने कार्य गरेको थियो । सूचना संकलनको क्रममा नै गाउँ विकास समितिहरु खारेज भई गाउँपालिका गठन भएको थियो । त्यसैले गाउँ विकास समिति स्तरबाट संकलित सूचनाहरुलाई नवगठित गाउँपालिकामा रुपान्तर गरीएको थियो । यसै सन्दर्भमा २०७४ साल श्रावणको अन्तिम हप्ता टोलि खटाई पुनः गाउँपालिका स्तरको थप सूचना संकलन गरिएको थियो ।

### १.३.२ तथ्याङ्कको प्रशोधन तथा तालिका तयारी

प्राथमिक तथा दोश्रो तहका तथ्यांक तथा सुचनाहरु एक्सल सिटमा प्रविष्ट गरि के लाई प्रशोधन गरिएको थियो । प्रसोधन गरिएको तथ्याङ्कलाई सूचना व्यवस्थापन पद्धति (IMS) सफ्टवेयरमा प्रविष्ट गरी सोही माध्यमबाट विश्लेषण गरी ढाँचा अनुसारको तालिका तयार गर्ने कार्य सम्पन्न भयो । साविक गाउँ विकास समितिका वडा स्तरीय सूचनालाई पुनर्गठित गाउँपालिकाका वडामा परिवर्तन गरी सोही बमोजिमका तालिकाहरु तयार गरिएको थियो ।

### १.३.३ नक्साङ्कन

भौगोलिक सूचना प्रणालीमा आधारित सूचना व्यवस्थापन पद्धति (IMS) द्वारा उपलब्ध सूचनाहरु तथा स्थलगत रुपमा संकलन गरिएका सूचनाहरुलाई प्रविष्ट गरी पुनर्गठित गाउँपालिका अनुसारको नक्सा तयार गरियो । यस्तो नक्सा तयार गर्दा साविकका गाउँ विकास समितिहरुको वडाको अवस्था समेत देखिने गरि तयार गरिएको छ । नक्सामा मूलतः निम्न सूचनाहरु समावेश गरिएका छन् :

- साविक गाविस तथा हालको वडाको सिमाना ।
- वर्तमान भू-उपयोग ।
- मूख्य बस्तिहरु ।
- मूख्य भौतिक संरचनाहरु ।
- सेवा तथा सुविधाको अवस्था ।

### १.३.४ तथ्यांकको पुनः जाँच

तथ्यांकको तालिकीकरण सम्पन्न भएपछि त्यसलाई पुनर्गठित गाउँपालिकाको भ्रमण गरी निर्वाचित प्रतिनिधिहरु, कर्मचारीहरु तथा अन्य सरोकारपक्षहरुलाई देखाई पुनःजाँच गरिएको थियो । यस क्रममा पाईएका फरकहरुलाई सच्याई सो अनुसार थप सूचना संकलन गरिएको थियो । यो कार्य २०७४ साल श्रावणको अन्तिम हप्तामा सम्पन्न भएको थियो । देखिएका कमि कमजोरीहरुलाई हटाई पुनः सूचना व्यवस्थापन पद्धति (IMS) मा सच्याई सोही बमोजिम तालिका तथा नक्सा तयार गरिएको थियो ।

### १.३.५ प्रतिवेदनको प्रमाणीकरण

मिति २०७४ आश्विन ०२ गते गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, कार्यकारी अधिकृत, वडाध्यक्ष र गाउँकार्यपालिका सदस्यहरु, विषयगत कार्यालय प्रमुख वा प्रतिनिधिहरु, स्थानीय गैरसरकारी संस्था प्रतिनिधिहरु, जिल्ला समन्वय समिति प्रतिनिधि आदिको उपस्थितिमा गाउँपालिकाको लागि तर्जुमा गरिने भूकम्प पश्चात्‌को **पुनर्निर्माण तथा पुनर्लाभ स्थिति विश्लेषण मस्यौदा प्रतिवेदन** प्रस्तुत गरी छलफल गरियो र उक्त छलफलबाट प्राप्त सुझावहरु समावेश गरी प्रतिवेदनलाई अन्तिम रुप दिईएको थियो । यस अघि पुनर्निर्माण योजनाको प्रयोजनको लागि तयार गरिएको उक्त **पुनर्निर्माण तथा पुनर्लाभ स्थिति विश्लेषणको मस्यौदा प्रतिवेदन**का प्रतिहरु प्रतिवेदन माथिको छलफल कार्यक्रम संचालन हुनु भन्दा एक हप्ता अगाडि नै सम्वन्धित गाउँपालिकाको कार्यालयमा बुझाई पृष्ठपोषणका लागि अनुरोध गरिएको थियो ।

## १.४ अध्ययनको सिमा

पुनर्निर्माण तथा पुनर्लाभ विश्लेषण प्रतिवेदन तयारीको लागि साविकाका गाउँ विकास समिति स्तरीय सूचना साविक गाविसका कर्मचारी, वडा नागरिक मन्च, राजनीतिक दलका प्रतिनिधीहरु तथा अन्य सरोकार पक्षहरुसंग छलफल गरी संकलन गरिएको हो । निकै छोटो समयमा छलफलको तथ्याङ्क संकलन गर्नुपर्ने भएकोले स्थलगत अवलोकन तथा सर्भेक्षण कार्य गर्न सम्भव थिएन । सरोकारवालाहरुसँगको छलफलमा आधारित भएर तथ्याङ्क संकलन गरिएको हुँदा निजहरुबाट प्राप्त सूचनाको आधारमा क्षति तथा पुनर्निर्माणको अवस्थाको विवरण देखाईएको छ । यद्यपी त्यसलाई जिल्ला स्तरबाट प्राप्त सूचनासँग तुलना गरी अन्तिम रुप दिने कार्य गरिएको छ । जसको कारणले क्षतिको अवस्था तथा क्षतिको कारणमा फरक आउन सक्ने देखिन्छ । नक्साङ्कनको लागि सबै संरचना रहेको स्थानका कोअर्डिनेट प्राप्त हुन सकेको छैन । अधिकांश अवस्थामा एउटा गाविस फुटाएर विभिन्न वडा वा दुई गाउँपालिका वा नगरपालिकामा गाभिएकोमा भुकम्प पश्चातको आवश्यकता अध्ययन (PDNA) मा भएका तथ्याङ्कलाई गाउँपालिकाको वडा अनुसार प्रस्तुत गरिएको छैन ।

# २. गाउँपालिकाको विवरण

## २.१ सामान्य पृष्ठभूमि

नेपालको संविधान २०७२ अनुसार नेपाललाई ७ प्रदेशमा विभाजन गरिएपछि प्रदेश नं ३ मा रहेको नुवाकोट जिल्लामा १० गाउँपालिका तथा २ नगरपालिका गरी जम्मा १२ स्थानीय तहको व्यवस्था गरिएको छ । जनताको घरदैलोमा सरकारको उपस्थिति गराउने उद्देश्य अनुसार साविकका ५ वटा गाउँ विकास समितिहरु मिलाएर पञ्चकन्या गाउँपालिकाको निर्माण गरिएको छ । यसको कुल क्षेत्रफल ५३.४७ वर्ग किमी रहेको छ र यहाँ जम्मा ३,८४८ घरधुरीहरु रहेका छन् भने जम्मा जनसंख्या १५९४५ रहेको छ (जनगणना २०६८) । यस गाउँपालिकाको पूर्वमा दुप्चेश्वर र शिवपुरी गा.पा., पश्चिममा सूर्यगढी र लिखु गा.पा., उत्तरमा तादी गा.पा. र दक्षिणमा शिवपुरी र लिखु गा.पा. रहेको छ ।

## २.२ गाउँपालिकाको गठन

नयाँ संविधान अनुसार बि. सं. २०७३ चैत २४ गते स्थानीय तह पुर्नसंरचना गरिएको थियो । नयाँ संरचना अनुसार यस पन्चकन्या गाउँपालिकाको गठन गरिएको थियो । यसै गाउँपालिकामा रहेको पञ्चकन्या मन्दिरको नामबाट नै यस गाउँपालिकाको नाम पञ्चकन्या राखिएको हो । साविकको पञ्चकन्या गाविस र यसका आसपासका गाविसहरु कविलास, भद्रुटार, थप्रेक र चौघडा गाविसलाई समायोजन गरेर पञ्चकन्या गाउँपालिकाको निर्माण गरिएको हो । कुन-कुन गाविसलाई कुन-कुन वडामा समायोजन गरी गाउँपालिकाको पुनर्संरचना गरिएको हो र ती सबै  वडाहरुका कार्यालयहरु कहाँ कहाँ रहेका छन् भन्ने विवरण तल तालिकावद्ध गरी देखाइएको छ ।

*तालिका नं. १: गाविसबाट गाउँपालिका बन्दाको अवस्था*

| वडा नं. | समावेश भएका साविकका गाविसहरु | साविक वडा नं. | क्षेत्रफल व. कि.मि | वडा कार्यालय रहेको स्थान |
|---|---|---|---|---|
| १ | चौघडा | ३, ४ र ९ | ६.२६ | बानियाटार |
| २ | कविलास | १ देखि ९ | ८.९५ | कविलाश |
| ३ | पञ्चकन्या | १ देखि ९ | ८.३१ | पञ्चकन्या |
| ४ | थप्रेक | १ देखि ९ | १५.५१ | उदयजालपा |
| ५ | भद्रुटार | १ देखि ९ | १४.४४ | मिश्रको पधेरो |
| | | | ५३.४७ | |

*स्रोत: स्थलरुप नक्सा*

## २.३ अवस्थिति तथा पहुँच

नुवाकोट जिल्लाको सदरमुकाम विदुर देखि पञ्चकन्या गाउँपालिका करिब २६ किमीको दुरीमा पर्दछ । विदुरबाट पन्चकन्या सम्म पुगनको लागि प्रयोग गरिने मुख्य बाटो मध्यपहाडी लोकमार्ग हो । यस गाउँपालिका भित्रको मुख्य बजार केन्द्रहरु घलेभञ्ज्याङ्ग, आप्र, कविलास हुन् । यस गाउँपालिकाको मुख्य सडक छहरे, ठाटी भञ्ज्याङ्ग, कविलास हुदै लाकुरी भञ्ज्याङ्ग जोड्ने सडक हो । गाउँपालिकालाई वडाहरुसँग जोड्ने सडकहरु कच्ची भएकाले वर्षातको मौसममा यातायातका साधनहरु संचालनमा कठिनाई हुने भएता पनि अन्य मौसममा अवस्था सामान्य रहन्छ । यि सडकहरुमा विशेष गरी ढुवानीको साधनहरु संचालनमा रहेका छन् ।

## २.४ भू-धरातल तथा भू-उपयोग

### २.४.१ भिरालोपना

यस गाउँपालिका अन्तरगतको वडा नं. ४ को थप्रेक क्षेत्र गाउँपालिकाकै सबैभन्दा उच्चतम स्थान हो । जसले यस गाउँपालिकाको १५.५१ व. कि. मि. क्षेत्रफल ओगटेको छ । यस गाउँपालिकाको कुल भू–भाग को ५८.१० प्रतिशत भू–भाग १५ डिग्री देखि ३० डिग्री सम्मको भिरालो रहेको छ भने ४५ डिग्री देखि बढी उचाइको भाग १.२३ प्रतिशत रहेको छ । भिरालोपना सम्बन्धी विवरण देहाएको तालिकामा दिइएको छ ।

*तालिका नं. २: भिरालोपनाको अवस्था*

| क्र.स. | भिरालोपना | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|---|
| १ | ५ डिग्री सम्म | ४.०४ | ७.५५ |
| २ | ५ डिग्री देखि १५ डिग्री | ७.०९ | १३.२६ |
| ३ | १५ डिग्री देखि ३० डिग्री | ३१.०७ | ५८.१० |
| ४ | ३० डिग्री ४५ डिग्री | १०.६२ | १९.८६ |
| ५ | ४५ डिग्री भन्दा माथि | ०.६६ | १.२३ |
| | जम्मा | ५३.४८ | |

*स्रोत: स्थलरुप नक्सा*

### २.४.२ भू-उपयोगको विवरण

यस गाउँपालिकामा वनजगंल र कृपियोग्य जमिन प्रचुर मात्रामा रहेको छ, । गाउँपालिकाको कुल भू–भागको ७५.३३ प्रतिशत कृपियोग्य जमिन र ५ प्रतिशत भागमा वनजगंल रहेको छ । त्यसपछिको भाग पानी तथा चट्टानको भाग रहेको देखिन्छ । भू–उपयोग सम्वन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका नं. ३: भु-उपयोग सम्बन्धी विवरण*

| क्र.स. | भू-उपयोग | क्षेत्रफल (वर्ग कि.मी.) | प्रतिशत |
|---|---|---|---|
| १ | वनजगंलले ढाकेको जमिन | ३.०७ | ५.७४ |
| २ | कृपियोग्य जमिन | ४०.२८ | ७५.३३ |
| ३ | पानीको भाग | ०.४९ | ०.९२ |
| ४ | चट्टानको भाग | ०.०४ | ०.०७ |
| ५ | अन्य | ९.५९ | १७.९४ |
| | जम्मा | ५३.४७ | |

*स्रोत: स्थलरुप नक्सा*

## २.५ जनसांख्यिक विवरण

यस गाउँपालिकामा सबैभन्दा धैरै जनसंख्या वडा नं. २ मा रहेको छ भने सबैभन्दा कम जनसंख्या वडा नं १ मा रहेको छ । जनघनत्वको आधारमा वडा नं. २ मा सबै भन्दा बढी जनघनत्व रहेको छ भने वडा नं. ५ मा सबै भन्दा कम रहेको छ । यस गाउँपालिकामा पुरुषको तुलनामा महिलाको जनसंख्या बढी रहेको छ । जनसंख्या सम्बन्धी थप जानकारी देहायको तालिकामा रहेको छ ।

*तालिका नं. ४: वडागत जनसङख्या*

| वडा नं. | घरधुरी संख्या | पुरुष | महिला | जम्मा जनसंख्या | क्षेत्रफल (वर्ग कि.मी.) | जनघनत्व (प्रति वर्ग कि.मी.) |
|---|---|---|---|---|---|---|
| १ | ४४९ | ९१७ | १११० | २०२७ | ६.२६ | ३२३.७० |
| २ | १३९० | २००२ | २०६१ | ४०६३ | ८.९५ | ८१८.१९ |
| ३ | ५४४ | १३२१ | १३५४ | २६७५ | ८.३१ | ३२२.०६ |
| ४ | ७६० | १९०२ | २०४० | ३९४२ | १५.५१ | २५४.०९ |
| ५ | ७०५ | १५६९ | १६६९ | ३२३८ | १८.४४ | २२४.१७ |
| जम्मा | ३८४८ | ७७११ | ८२३४ | १५९४५ | ५३.४७ | |

*स्रोत: राष्ट्रिय जनगणना, २०६८*

जनसंख्याको आधारमा यस गाउँपालिकामा बसोबास गर्ने जाति मध्ये प्रमुख जातिहरु तामाङ्ग र क्षेत्री छन् । तल दिइएको तालिकामा यस गाउँपालिकामा रहेको जनसंख्याको जातिगत विवरणलाई देखाइएको छ ।

*तालिका नं. ५: जनसङ्ख्याको जातिगत विवरण*

| क्रं.सं. | जाति | जनसंख्या | क्रं.सं. | जात | जनसंख्या |
|---|---|---|---|---|---|
| १ | क्षेत्री | ४४८९ | ११ | सार्की | ५३३ |
| २ | ब्राम्हण | २१६७ | १२ | सन्यासी | ३९८ |
| ३ | मगर | २३७ | १३ | घर्ती | ११ |
| ४ | तामाङ | ४५५८ | १४ | दनुवार | ६० |
| ५ | नेवार | ९४५ | १५ | भोटे | ५४ |
| ६ | मुसलवान | ११ | १६ | कमार | १४ |
| ७ | कामी | ४३९ | १७ | अन्य दलित | २२९ |
| ८ | राई | १२१३ | १८ | अन्य | ४१ |
| ९ | दमाइ | ३४८ | १९ | उल्लेख नभएका | १२ |
| १० | ठकुरी | १८६ | २० | जम्मा | १५९४५ |

*स्रोत: तथ्यांक कार्यालय, नुवाकोट, नुवाकोट जिल्ला बस्तुगत विवरण, २०७३*

## २.६ भौतिक पूर्वाधार

सडक यातायातको हिसावले यस गाउँपालिकाको अवस्था ज्यादै कमजोर रहेको छ । यहाँ हाल सम्म गाउँपालिकाको केन्द्र सम्म पनि सबै मौसममा गाडी चल्न सक्ने सडक पुगेको छैन । गाउँपालिकाको सबै वडा कार्यालयहरुमा पुग्ने सडक ट्र्याक मात्र खोलिएको छ । कविलेश्वर महादेव पदमार्ग र चमेरे गुफा पदमार्ग यस क्षेत्रको मुख्य पदमार्ग हुन् । हालका लागि मोवाइलको पहुच भरपर्दो नभए पनि एनसेलको टावर कुलकुले डाँडामा निर्माणधिन अवस्थामा छ । विद्युत सेवा भए पनि त्यति भरपर्दो अवस्था छैन ।

## २.७ सामाजिक विकास

### २.७.१ स्वास्थ्य

यस गाउँपालिकाको वडा नं. १ मा बाहेक अन्य सबै वडाहरुमा स्वास्थ्य चौकी सञ्चालनमा छन् । यहाँ निजीस्तरका औषधि पसलहरु तथा क्लिनिकहरु पनि सञ्चालनमा छ । यस गाउँपालिकाको वडा नं. २ कविलासमा एम्बुलेन्स सहितको एउटा सामुदायिक स्वास्थ्य केन्द्र सञ्चालनमा छ ।

### २.७.२ शिक्षा

यस गाउँपालिकामा जम्मा २९ विद्यालयहरु रहेका छन् । त्यस मध्ये सबै भन्दा धेरै ८ वटा विद्यालय वडा नं. ४ मा रहेका छन् । उच्च माध्यमिक विद्यालय वडा नं. ५ मा मात्र रहेको छ । तर यस गाउँपालिकामा कुनै पनि क्याम्पस भने रहेको छैन । शैक्षिक संस्था सम्वन्धी विवरण तलको तालिकामा देखाइएको छ ।

*तालिका नं. ६: विद्यालयको वडागत वितरण*

| वडा नं. | प्राथमिक | निम्न माध्यमिक | माध्यमिक | उच्च माध्यमिक | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | १ | ० | ० | ३ |
| २ | २ | ० | ४ | ० | ६ |
| ३ | ३ | १ | १ | ० | ५ |
| ४ | ६ | ० | २ | ० | ८ |
| ५ | ४ | ० | २ | १ | ७ |
| जम्मा | १७ | २ | ९ | १ | २९ |

*स्रोत: गाविस स्तरीय छलफल, २०७३*

यस गाउँपालिकामा जम्मा ३,२१० विद्यार्थी विभिन्न तहमा अध्ययनरत रहेका छन् । सबैभन्दा धेरै विद्यार्थीहरु माध्यमिक तहमा अध्ययनरत देखिन्छन् भने सबै भन्दा कम विद्यार्थी उच्च माध्यमिक तहमा रहेका छन् । साथै समग्रमा छात्राहरुको तुलनामा छात्रहरुको संख्या बढी रहेको देखिन्छ । विद्यार्थी संख्या सम्वन्धी थप जानकारी देहाएको तालिकामा दिइएको छ ।

*तालिका नं. ७: विद्यार्थी सङ्ख्या सम्बन्धी विवरण*

| वडा नं. | प्राथमिक | | निम्न माध्यमिक | | माध्यमिक | | उच्च माध्यमिक | | क्याम्पस | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा |
| १ | ५५ | ५० | ८२ | ५३ | ० | ० | ० | ० | ० | ० | १३७ | १०३ | २४० |
| २ | १२४ | १३६ | ० | ० | ४३१ | ४६१ | ० | ० | ० | ० | ५५५ | ५९७ | ११५२ |
| ३ | ७४ | ६७ | ३३ | ४१ | १३३ | ११४ | ० | ० | ० | ० | २४० | २२२ | ४६२ |
| ४ | ९६ | ९० | ० | ० | ३०३ | २७५ | ० | ० | ० | ० | ३९९ | ३६५ | ७४५ |
| ५ | ५६ | ५७ | ० | ० | १८० | १०३ | ९८ | ९८ | ० | ० | ३३४ | २५८ | ५९२ |
| जम्मा | ४०५ | ४०० | ११५ | ९४ | १०४७ | ९५३ | ९८ | ९८ | ० | ० | १६६५ | १५४५ | ३२१० |

*स्रोत: जिल्ला शिक्षा कार्यालय, नुवाकोट, २०७३*

### २.७.३ खानेपानी

यस गाउँपालिकाको जम्मा घरधुरी मध्ये ३३९४ घरधुरीले धाराको पानी र ४५८ घरधुरीले मुलको पानी प्रयोग गर्दछन् । यसको थप जानकारीका लागि तलको तालिका प्रस्तुत गरिएको छ ।

*तालिका नं. ८: खानेपानीको स्रोत*

| वडा नं. | धारा | | मुलको पानी | | खोलाको पानी | | इनारको पानी | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत | घरधुरी |
| १ | ४०५ | ९०.०० | ४५ | १०.०० | ० | ०.०० | ० | ०.०० | ४५० |
| २ | १२५१ | ८९.९४ | १४० | १०.०६ | ० | ०.०० | ० | ०.०० | १३९१ |
| ३ | ४९० | ८९.७४ | ५६ | १०.२६ | ० | ०.०० | ० | ०.०० | ५४६ |
| ४ | ६८५ | ९०.१३ | ७५ | ९.८७ | ० | ०.०० | ० | ०.०० | ७६० |
| ५ | ५६३ | ७९.८६ | १४२ | २०.१४ | ० | ०.०० | ० | ०.०० | ७०५ |
| जम्मा | ३३९४ | | ४५८ | | ० | | ० | | ३८५२ |

*स्रोत: गाविस स्तरीय छलफल, २०७३*

## २.७.४ सरसफाई

यस गाउँपालिकाको वडा नं. ४ का सबै घरधुरीले शौचालय बनाएका छन् भने वडा नं. ३ का ६० प्रतिशत घरधुरीले मात्र शौचालय बनाएका छन्, जुन यस गाउँपालिकाको सबैभन्दा न्यून प्रतिशत हो । यस सम्बन्धी थप जानकारी देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका नं. ९: शौचालय सम्बन्धी विवरण*

| वडा नं. | शौचालय भएका घरधुरी | | शौचालय नभएका घरधुरी | | जम्मा |
|---|---|---|---|---|---|
| | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत | |
| १ | ४२७ | ९५.१० | २३ | ५.१२ | ४४९ |
| २ | १०४० | ७४.८२ | ३५० | २५.१८ | १३९० |
| ३ | ३२७ | ६०.११ | २१७ | ३९.८९ | ५४४ |
| ४ | ७६० | १००.०० | ० | ०.०० | ७६० |
| ५ | ४५९ | ६५.११ | २४७ | ३५.०४ | ७०५ |
| जम्मा | ३०१३ | | ८३७ | | ३८४८ |

*स्रोत: गाविस स्तरीय छलफल, २०७३*

## २.८ आर्थिक अवस्था

यस क्षेत्रका मानिसहरुको मुख्य पेशा कृषि नै हो । तसर्थ खाद्यान्न, तरकारी र पशुपन्छीहरु नै यहाँको जिविकोपार्जनको मूख्य आधार हो । टोल तथा समुहहरुको सामुहिक प्रयासमा ३३ वटा सहकारी संस्थाहरु स्थापना गरी आफ्नो आर्थिक कृयाकलापलाई सहज बनाउने प्रयत्न गरेको देखिन्छ । यस गाउँपालिकामा संचालित सहकारीहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

*तालिका नं. १०: गाउँपालिकामा कार्यरत सहकारी संस्थाहरुको विवरण*

| क्रं.सं. | सहकारी संस्थाको नाम र साविक ठेगाना | हालको वडा नं. |
|---|---|---|
| १ | कालिका ब. तथा ऋ.स.सं.लि., कविलास-८ | २ |
| २ | श्री दिगो महिला विकास बहु.स.सं.लि., कविलास-५ | २ |
| ३ | श्री गोसाईकुण्ड बहु.स.सं.लि., कविलास -२ | २ |
| ४ | नवज्योति महिला ब.उ.स.सं.लि., कविलास-२ | २ |
| ५ | कविलास कृषि सहकारी संस्था लि., कविलास-३ | २ |
| ६ | सम्वृद्धि कृषि सहकारी संस्था लि.कविलास-२ | २ |

| क्र.सं. | सहकारी संस्थाको नाम र साविक ठेगाना | हालको वडा नं. |
|---|---|---|
| ७ | नाट्यश्वरी बचत तथा ऋण सहकारी संस्था लि. कविलास-९ | २ |
| ८ | श्री वरदान प्राङ्गारिक कफि उत्पादक स.सं.लि., कविलास | २ |
| ९ | श्री विनायक कफि उत्पादक स.सं.लि., कविलास-७ | २ |
| १० | श्री सुविधा प्राङ्गारिक कफि उत्पादक स.सं.लि., कविलास-४ | २ |
| ११ | दियालो महिला कृषि सहकारी संस्था लि., कविलास-६ | २ |
| १२ | खारपानी माता कृषि सहकारी संस्था लि., कविलास-४ | २ |
| १३ | प्रतिविम्व साना किसान कृषि सहकारी संस्था लि., कविलास-५ | २ |
| १४ | मिश्रफाँट कृषि सहकारी संस्था लि., कविलास-२, नुवाकोट | २ |
| १५ | सिमरा उपभोक्ता सहकारी संस्था लि., चौघडा-३ | १ |
| १६ | संकालेश्र्र कृषि सहकारी सं.लि., चौघडा-३ | १ |
| १७ | वानियाटार कृषि सहकारी संस्था लि., चौघडा-९ | १ |
| १८ | रिट्ठेचौर कृषि सहकारी संस्था लिल., चौघडा-९ | १ |
| १९ | गोदावरी महिला कृषि सहकारी संस्था लि.,चौघडा-९ | १ |
| २० | शुभेच्छा कृषि सहकारी संस्था लि., चौघडा-४, नुवाकोट | १ |
| २१ | शक्तेश्वर कृषि सहकारी संस्था लि., चौघडा-४, नुवाकोट | १ |
| २२ | थप्रेक आरुखर्क ब.उ. स.सं.लि., थप्रेक-२, आरुखर्क | ४ |
| २३ | सप्तरङ्गी महिला कृषि सहकारी संस्था लि., थप्रेक-९ | ४ |
| २४ | निस्वार्थ कृषि सहकारी संस्था लि., थप्रेक-९ | ४ |
| २५ | कंकेश्वरी कृषि सहकारी संस्था लि., थप्रेक-४, नुवाकोट | ४ |
| २६ | रुद्रादेवी कृषि सहकारी संस्था लि., थप्रेक-४, नुवाकोट | ४ |
| २७ | रक्तकाली कृषि सहकारी संस्था लि., थप्रेक-३,नुवाकोट | ४ |
| २८ | सक्रिय कृषि सहकारी सं.लि., थप्रेक-७ | ४ |
| २९ | कर्मशिल कृषि सहकारी संस्था लि., थप्रेक-७, नुवाकोट | ४ |
| ३० | गौमती कृषि स.सं.लि., पञ्चकन्या-२, पिपलडाँडा | ३ |
| ३१ | मुहानेश्वर कृषि सहकारी संस्था लि. पञ्चकन्या-८ | ३ |
| ३२ | तिनघरे साना किसान कृषि सहकारी संस्था लि., पञ्चकन्या-७ | ३ |
| ३३ | अनुशासित सामाजिक उद्यमी महिला सहकारी संस्था लि., पञ्चकन्या-६ | ३ |
| ३४ | साहारा कृषि स.सं. लि., भद्रुटार-३, नुवाकोट | ५ |
| ३५ | जन जागृति कृषि सहकारी संस्था लि. भद्रुटार-४ | ५ |
| ३६ | आधारशिला सामाजिक उद्यमी महिल सहकारी संस्था लि. भद्रुटार-९ | ५ |

*स्रोत: डिभिजन सहकारी कार्यालय, नुवाकोट, २०७३*

## २.९ संस्थागत अवस्था

यस गाउँपालिकाको कार्यालय वडा नं ३ को लाकुरी भञ्ज्याङ्मा रहेको छ। हाल गाउँपालिकाको कार्यालय स्थानीय [illegible] आधारभुत विद्यालयको एउटा कच्ची कोठामा सञ्चालन गरिएको छ। भुकम्पले अधिकांश भवनहरु अन्य भत्केकोले वडा कार्यालयहरु पनि सबै भाडामा नै सञ्चालन भैरहेको अवस्था छ. वडा नं २ र ३ मात्र आफ्नै भवनमा सञ्चालित छन् भने बाकी सबै वडा कार्यालय भाडाको भवनमा सञ्चालित छन्। गाउँपालिकाका निर्वाचित पदाधिकारीहरु बारेको विवरण तलको तालिकामा खुलाइएको छ।

*तालिका नं. ११: जनप्रतिनिधिहरु सम्बन्धी विवरण*

| पदाधिकारीहरु | प्रतिनिधित्वको क्षेत्र | पद | लिङ्ग |
|---|---|---|---|
| तेजबहादुर तमाङ | गापा | अध्यक्ष | पुरुष |
| सीता पराजुली खड्का | गापा | उपाध्यक्ष | महिला |
| मणिनाथ लामिछाने | वडा नं. १ | वडाध्यक्ष | पुरुष |
| ध्रुवप्रसाद मिश्र | वडा नं. २ | वडाध्यक्ष | पुरुष |
| रामबाबु पराजुली | वडा नं. ३ | वडाध्यक्ष | पुरुष |
| बुद्धिबहादुर तामाङ्ग | वडा नं. ४ | वडाध्यक्ष | पुरुष |
| डिल्लीबहादुर थापा | वडा नं. ५ | वडाध्यक्ष | पुरुष |
| अन्जना अधिकारी | वडा नं. १ | महिला सदस्य | महिला |
| प्रमिला खनाल कोइराला | वडा नं. २ | महिला सदस्य | महिला |
| भगवती अधिकारी | वडा नं. ३ | महिला सदस्य | महिला |
| सर्मिला तामाङ | वडा नं. ४ | महिला सदस्य | महिला |
| विन्दा कुमारी सिटौला | वडा नं. ५ | महिला सदस्य | महिला |
| ठुली माया मिजार | वडा नं.१ | द.महिला सदस्य | महिला |
| सिता परियार | वडा नं. २ | द.महिला सदस्य | महिला |
| राधा कुमारी सुनार | वडा नं. ३ | द.महिला सदस्य | महिला |
| जानुका सुनार | वडा नं. ४ | द.महिला सदस्य | महिला |
| कान्छी सुनुवार | वडा नं. ५ | द.महिला सदस्य | महिला |
| नारायण राई | वडा नं.१ | सदस्य | पुरुष |
| शंकर बहादुर तामाङ | वडा नं.१ | सदस्य | पुरुष |
| अभिनव फुयाँल | वडा नं. २ | सदस्य | पुरुष |
| जगदिश महत | वडा नं. २ | सदस्य | पुरुष |
| मानबहादुर तामाङ | वडा नं. ३ | सदस्य | पुरुष |
| बलबहादुर कार्की | वडा नं. ३ | सदस्य | पुरुष |
| कृष्णबहादुर कंडेल | वडा नं. ४ | सदस्य | पुरुष |
| प्रकाश चन्द्र पण्डित | वडा नं. ४ | सदस्य | पुरुष |
| जनार्दन पौडेल | वडा नं. ५ | सदस्य | पुरुष |
| रामजंग बुढाथोकी | वडा नं. ५ | सदस्य | पुरुष |
| दलित तथा अल्पसंख्यक तर्फ | | | |
| कमल सुनार | - | सदस्य | पुरुष |
| रत्न बहादुर सुनार | - | सदस्य | पुरुष |

*स्रोत: नुवाकोट जिल्ला वस्तुगत विवरण, २०७३*

*तालिका नं. १२: गाउँपालिकामा कार्यरत सरकारी संघसस्थाहरु*

| क्र.सं. | संस्थाको नाम | स्थान |
|---|---|---|
| १ | स्वास्थ्य चौकी | वडा नं. २, ठाटी भञ्याङ्ग, मिश्रगाउँ<br>वडा नं. ३, बराहबोट<br>वडा नं. ४, मंगलादेवी मन्दिर<br>वडा नं. ५, मिश्रको पधेरो |

| क्र.सं. | संस्थाको नाम | स्थान |
|---|---|---|
| २ | हुलाक कार्यालय | वडा नं. ३, मीलडाँडा<br>वडा नं. ४ कार्की गाँउ |
| ३ | पशु सेवा केन्द्र | वडा नं. ३, घलेभञ्ज्याङ्ग |

*स्रोत: पन्चकन्या गाउँपालिका, २०७४*

*तालिका नं. १३: गाउँ कार्यपालिकाका कर्मचारीहरुको विवरण*

| क्र.सं. | पद | नाम | कार्यालय |
|---|---|---|---|
| १ | कार्यकारी अधिकृत | नरेश पुडासैनी | गाउँपालिका |
| २ | लेखापाल | रामहरी न्यौपाने | गाउँपालिका |
| ३ | कम्प्यूटर अपरेटर | निर्मला तामाङ्ग | गाउँपालिका |

*स्रोत: पन्चकन्या गाउँपालिका, २०७४*

*तालिका नं. १४: गाउँपालिकाको संस्थागत विवरण*

| क्र.सं. | विवरण | परिमाण |
|---|---|---|
| १ | गाउँपालिकाको कार्यालय कोठा | ५ वटा |
| २ | ल्यापटप | ४ वटा |
| ३ | प्रिन्टर, फोटोकपी, इस्क्यानर, फयाक्स (4 IN 1) | १ वटा |
| ४ | डेक्सटप कम्प्यूटर (साथै सबै वडा कार्यालयहरुमा एक एक वटा) | २ वटा |
| ५ | इन्टरनेट | छैन |
| ६ | ल्यान्डलाइन फोन | छैन |
| ७ | मोटरसाइकल | १ वटा |

*स्रोत: पन्चकन्या गाउँपालिका, २०७४*

# ३. भुकम्प पश्चात्को अवस्था

## ३.१ संक्षिप्त विवरण

२०७२ साल वैशाख १२, १३ र २९ गते गोरखा र दोलखा जिल्लालाई केन्द्र बिन्दु बनाएर आएको भूकम्पले विशेष गरी नेपालको प्रदेश नं १, ३ र ४ मा रहेका जिल्लाहरु गोरखा, धादिङ, नुवाकोट, रसुवा, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, काठमाण्डौ, भक्तपुर, ललितपुर, मकवानपुर, सिन्धुली, ओखलढुङ्गा, रामेछाप र दोलखा गरी १४ अतिप्रभावित जिल्ला र अन्य जिल्लाहरुमा समेत जनधन र महत्वपूर्ण भौतिक संरचनाहरुमा क्षति पुऱ्याएको थियो । उद्धार टोली तथा एम्बुलेन्स समेतका अभाव तथा आवागमनमा परेको असुविधाका कारण समयमै उद्धार गर्न तथा घाइतेहरुको उपचार व्यवस्थापनमा कठिनाई भएको थियो । नागरिकहरुले सृजना भएको यस्तो प्रतिकुल परिस्थितिको एक आपसमा मिलेर सामना गरेका गतिविधिले नागरिकहरु बिच स्वभाविक सम्बन्धको प्रस्फुटन हुन गयो । यसले पारस्परिक रुपमा समस्याको सामना गर्न सकिने विश्वासलाई अझ प्रगाढ बनाउन मद्दत पुऱ्याएको छ ।

## ३.२ आवास तथा वस्ति

नेपाल सरकारको आ.व. २०७२/७३ को नीति तथा कार्यक्रममा भुकम्पबाट भएको क्षतिको पाँच वर्ष भित्र पुनःनिर्माण गरिसक्ने विषय प्रमुख प्राथमिकताका साथ उल्लेख गरिएकोले नेपाल सरकारको नीति तथा कार्यक्रम अनुरुप क्षति पुगेको भवन पुनःनिर्माणको कार्यलाई व्यवस्थितरुपमा सहज ढंगबाट कार्यान्वयन गर्न भूकम्प प्रभावित जिल्लाहरुका प्रत्येक घरपरिवारको तथा ती घरपरिवार बसोवास गर्ने आवास भवनहरुको क्षतिको विस्तृत तथ्याङ्क संकलन कार्यक्रम अर्थात सर्वेक्षण केन्द्रीय तथ्यांक विभागले सञ्चालन गरेको थियो । यस सर्वेक्षणमा घर, घरधनी, परिवार तथा सामाजिक, आर्थिक र जनसांख्यिक विवरण संकलन गरिएको थियो ।

### ३.२.१ भुकम्पबाट भएको क्षति

२०७२ सालको भुकम्पबाट अत्याधिक जनधनको क्षति भयो । यसबाट भौतिक, मानसिक एवं शारीरिक क्षति समेत व्यहोर्नु पऱ्यो । उक्त भुकम्पबाट बढी प्रभावित जिल्ला मध्ये नुवाकोट जिल्ला पनि एक हो । भुकम्पबाट यस गाउँपालिकामा रहेका १३८८० वटा घरगोठ भत्किएको थियो भने ४३ जनाको मृत्यु भएको थियो र १०८ जना मानिसहरु घाइते भएका थिए । यस बारेको विस्तृत जानकारी तलको तालिकामा दिइएको छ ।

*तालिका नं. १५: भुकम्पबाट भएको क्षतिको विवरण*

| क्र. सं | पुरानो गाविस | क्षति भएका घर/गोठ संख्या | मृत्यु | घाईते |
|---|---|---|---|---|
| १ | चौघडा | ३४२४ | १९ | ७८ |
| २ | कविलास | २७८८ | ९ | ६ |
| ३ | पञ्चकन्या | २२४४ | २ | ३ |
| ४ | थप्रेक | ३३४२ | ६ | ५ |
| ५ | भद्रुटार | २०८२ | ७ | १६ |
| जम्मा | | १३८८० | ४३ | १०८ |

*स्रोत: PDNA प्रतिवेदन, २०७२*

### ३.२.२ राहत कार्यक्रम

भूकम्प पछिको राहत व्यवस्थापनमा स्थानीयवासी एवं स्वस्फुर्त संयन्त्रहरु, सरकार, अन्तराष्ट्रिय संघ संस्थाहरु, गैरसरकारी संस्थाहरु, नीजि क्षेत्र तथा व्यक्तिहरुको संलग्नता रहेको थियो । राहत वितरण गर्ने संस्था वा व्यक्तिहरुले आफ्नो प्राथमिकता अनुसार व्यक्तिगत सुरक्षा, सरसफाई, खाना, पानी, त्रिपाल, जस्तापाता लगायत

अन्य विभिन्न सामाग्रीहरु वितरण गरेका थिए । यस गाउँपालिकामा कुन कुन संस्थाहरुले राहत सामाग्री वितरण गरेका थिए भन्ने जानकारी देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका नं. १६: संलग्न संस्था तथा कार्यक्रमहरु*

| गाविस | भद्रुटार | चौघडा | कविलास | पञ्चकन्या | थप्रेक |
|---|---|---|---|---|---|
| शिक्षा | UNICEF | UNICEF | UNICEF | UNICEF | UNICEF |
| सुरक्षा | UNICEF | UNICEF | UNICEF | UNICEF | UNICEF |
| NFI | MC | | SP | | Oxfam |
| Temp HH Shelter | MC | | | | Oxfam |
| Recovery WASH | | ACF | ACF | | Oxfam |
| पोषण | UNICEF/ACF | | | | |
| कामका लागि खाद्यान्न | MC | | | | Oxfam |
| जिविकोपार्जन | MC | | | | Oxfam |
| स्थायी संरचना (स्वास्थ्य चौकी, विद्यालय) | | | GIZ | | |
| Health Promotion/MHCP | | | GIZ | | |

*स्रोत: PDNA प्रतिवेदन, २०७२*

## ३.३ खानेपानी तथा सरसफाई

भुकम्पले खानेपानी आयोजनाहरुमा विभिन्न प्रकारको असर पारेको छ । कतिपय स्थानमा पानीको मुल नै सुकेको छ भने कतिपय स्थानमा मुल एक स्थानबाट अर्को वा त्यो भन्दा तल्लो स्थानहरुमा सरेका छन् । जमिन हल्लिएको कारणले गर्दा पानीको ट्यांकी र पाइपलाइनमा क्षति पुगेकोले पानीको गुणस्तरमा र परिमाण दुबैमा ह्रास आएको छ । यसका कारणहरुमा पहिरोले पाइपहरुमा क्षति पुग्नु, ट्यांकी पुरिनु र ट्यांकी फुटेर चुहिने हुनु हो । सरकार र अन्य संस्थाद्वारा अस्थाई बासस्थानहरुमा प्लास्टिक ट्यांकीहरु राखेर स्थानीयलाई केही राहत पुऱ्याइएको थियो । केही योजनाहरुलाई भने सामान्य मर्मत गरिएको थियो ।

### ३.३.१ खानेपानी

भुकम्पले स्वभावतः जमिन मुनीको पानीको स्रोतमा ठूलो परिवर्तन ल्याएको छ । कतिपय स्थानमा स्रोतहरु सुक्ने तथा पानीको परिमाण कम भएको पाइएको छ भने पानीको मुहानको वरपर गएको पहिरोले पानी धमिलो भएको थियो । भुकम्प पश्चात् गाउँपालिकामा रहेका अधिकांश खानेपानी आयोजनाहरुमा विभिन्न किसिमको क्षति पुगेका कारण स्वच्छ खानेपानीको वितरणमा समस्या भएको छ । खानेपानी आयोजनाहरुको क्षति विभिन्न प्रकारले भएको भए पनि मुख्यतया मुल सुकेर, मुल सरेर, RVT क्षति हुनु र पाइपलाइनमा क्षति पुग्नुलाई नै प्रमुख कारणको रुपमा रहेको तथ्याङ्क प्राप्त भएको छ । यस गाउँपालिकामा रहेका कुल खानेपानी योजना मध्ये २१ वटा योजनालाई भुकम्पले क्षति पुऱ्याएको छ । जसमध्ये धेरै योजनाको RVT मा क्षति पुगेको देखिएको छ भने लगानीको ठूलो नोक्सानी पाइपलाइनमा भएको देखिन्छ । यस बारेको विस्तृत विवरण देहाएको तालिकामा दिइएको छ ।

*तालिका नं. १७: खानेपानी आयोजनाको क्षतिको अवस्था*

| वडा नं. | क्षति भएका योजना (संख्या) | RVT क्षति | पाइपलाइनमा क्षति | अन्य क्षति |
|---|---|---|---|---|
| १ | १ | १ | १ | ० |
| २ | ८ | ८ | ८ | ८ |
| ३ | ० | ० | ० | ० |
| ४ | ९ | ९ | ० | ० |
| ५ | ३ | ० | ० | ० |
| जम्मा | २१ | १८ | ९ | ८ |

*स्रोत: गाविस स्तरीय छलफल, २०७३*

नोट: माथि दिइएको तालिकामा दिइएको अतिरिक्त गाउँपालिका स्तरिय छलफलबाट वडा नं. ५ मा बयगाउँ खानेपानी आयोजना, वोक्सीकौडा झाल मुहान खानेपानी आयोजना, तल्लोगाउँ खानेपानी आयोजना र कान्लेकोले खानेपानी आयोजना गरी जम्मा थप ४ वटा आयोजनाहरु पनि क्षतिग्रस्त भएको जानकारी प्राप्त भएको छ ।

यस गाउँपालिकामा जम्मा क्षति भएका २१ खानेपानी आयोजना मध्ये अहिलेसम्म पुनर्निर्माणका लागि कोहीसँग सम्झौता भएको छैन । खानेपानी आयोजनाको क्षतिबाट उत्पन्न असरको अवस्थालाई तलको तालिकामा देखाइएको छ ।

*तालिका नं. १८: क्षतिग्रस्त खानेपानी आयोजनाबाट प्रभावित घरधुरी संख्या*

| वडा नं. | जम्मा घरधुरी | प्रभावित घरधुरी | प्रभावित घरधुरी प्रतिशतमा |
|---|---|---|---|
| १ | ४४९ | १२५ | २७.८४ |
| २ | १३९० | ३७८ | २७.१९ |
| ३ | ५४४ | ० | ०.०० |
| ४ | ७६० | ३९३ | ५१.७१ |
| ५ | ७०५ | ० | ०.०० |
| जम्मा | ३८४८ | ८९६ | |

*स्रोत: गाविस स्तरीय छलफल, २०७३*

## ३.३.३ पुनर्निर्माण र पुनर्स्थापनाका लागि वित्तीय आवश्यकता

जम्मा क्षति भएका १८ खानेपानी आयोजनाहरु मध्ये सबै भन्दा बढी (९ वटा) आयोजनाहरु वडा नं ४ मा रहेका छन् । स्थानीय तहमा उपलब्ध हुने निर्माण सामाग्री, ज्यामीहरुको उपलब्धता र लागतमुल्यलाई नै आधार मानेर विज्ञ इन्जिनियरहरु र स्थानीय बुद्धिजीविहरुसँगको छलफलबाट नै यी योजनाहरुको लागत मुल्यांकन गरिएको छ । सबै आयोजनाहरुको क्षतिको विवरण अनुसार सम्पूर्ण आयोजनाहरुको कुल लागत ३ करोड ७९ लाख रहेको देखिन्छ । यसबारेको विस्तृत विवरण देहायको तालिकामा दिइएको छ ।

*तालिका नं. १९: खानेपानी आयोजनाको लागि वित्तीय आवश्यकता*

| वडा नं. | क्षति भएका योजनाहरु | लागत (हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | १ | १२५० | |
| २ | ८ | ३०८०० | |
| ३ | ० | ० | |
| ४ | ९ | ५९३० | |
| ५ | ० | ० | |

*स्रोतः गाविस स्तरीय छलफल, २०७३*

### ३.३.४ सरसफाई

भुकम्पबाट घर भित्रै वा घरसँगै जोडिएर बनाइएका शौचालयहरु घरसँगै भत्किएका थिए । ग्रामीण भेगमा बनाइएका शौचालयहरु कच्ची रहेका र सिमेन्टको जडान गरिएका शौचालयहरु पनि कमसल सामाग्री प्रयोग गरेर बनाइएका हुनाले प्रायजसो शौचालयहरु भुकम्पले भग्नावशेषमा परिणत गरेको थियो । मानिसहरुलाई पिउने पानीको समस्या नै विकराल भएको अवस्थामा हात खुट्टा धुने, कपडा धुने र अन्य सरसफाईमा प्रयोग गर्ने पानी पाउन कठिन भएको थियो । भुकम्प लगत्तैको वर्षाले भुकम्पबाट भएको भग्नावशेषमा पुरिएको अनाज कुहिएको कारणले, समयमै भग्नावशेष हटाउन तथा फोहोर व्यवस्थापन गर्न नसक्दा र मरेका पशुपन्छिहरुको समयमै व्यवस्थापन गर्न नसक्दा दुर्गन्ध फैलिएको थियो ।

*तालिका नं. २०: सरसफाई सेवा सुधारमा संलग्न संघसंस्थाहरु*

| क्र.स. | संस्था | संस्थाको प्रकार | क्रियाकलाप स्थान (साविक गाविस) | चेतनामुलक कार्यक्रम |
|---|---|---|---|---|
| १ | Street Child Nepal | गै.स.सं. | पञ्चकन्या | छ |
| २ | Suryodaya samudiyak club | गै.स.सं. | पञ्चकन्या | छ |

*स्रोतः गाविस स्तरीय छलफल, २०७३*

## ३.४ विद्यालय

अन्य संरचनाहरुमा जस्तै विद्यालय भवनहरुमा पनि भुकम्पले ठूलो क्षति गरेको छ । धेरैजसो भवनहरु ध्वस्त नै भएका छन् भने केहीमा मात्र सामान्य असर परेको छ । भुकम्प पश्चात् करिब १ महिना सम्म विद्यालयहरु पठनपाठन बन्द भएका थिए । भुकम्पले भौतिक रुपमा मात्र समस्या सृजना गरेको नभईकन मानसिक रुपमा समेत विद्यार्थी, शिक्षकहरुको मनमा अत्यन्तै ठूलो त्रास उत्पन्न गरिदिएको थियो । भत्किएका विद्यालय भवनहरुमा पठनपाठन हुने अवस्था थिएन । भुकम्प पश्चात् करिब १ महिना पछि राहत स्वरुप निर्माण गरिएका त्रिपाल, टेन्ट र अस्थायी सिकाइ केन्द्र (TLC) हरु मार्फत केही विद्यालयहरुमा विस्तारै पठनपाठन कार्य शुरु भएको थियो । केही विद्यालयहरु खुला आकाशमुनी नै संचालन गरिएका थिए र केही विद्यालयहरुमा बहुकक्षा प्रणाली अपनाई कक्षा सञ्चालन गरिएको थियो ।

यस गाउँपालिकाको वडा नं. २ मा सबैभन्दा बढी ६ वटा विद्यालयका ६१ वटा कोठाहरु पूर्णरुपमा ध्वस्त भएका छन् भने वडा नं. १ मा सबैभन्दा कम ३ वटा विद्यालयका २३ वटा कोठाहरु ध्वस्त भएको थियो । विद्यालय भवनमा भएको क्षति सम्वन्धित थप जानकारीहरु देहायको तालिकामा दिइएको छ ।

*तालिका नं. २१: विद्यालयको कक्षाकोठाको क्षतिको अवस्था*

| वडा नं. | विद्यालय संख्या | भवनको संख्या | जम्मा कक्षा कोठा | पुर्ण क्षति | अधिक क्षति | आशिंक क्षति | क्षति नभएको |
|---|---|---|---|---|---|---|---|
| १ | ३ | ७ | २३ | १३ | १० | ० | ० |
| २ | ६ | १९ | ६१ | ६१ | ० | ० | ० |
| ३ | ५ | १० | ३२ | ३२ | ० | ० | ० |
| ४ | ८ | १७ | ३४ | ३४ | ० | ० | ० |
| ५ | ६ | १७ | ३७ | ३४ | ३ | ० | ० |
| जम्मा | २८ | ७० | १८७ | १७४ | १३ | ० | ० |

*स्रोतः गाविस स्तरीय छलफल, २०७३*

यस गाउँपालिकामा रहेका २९ वटा विद्यालयका १८७ वटा क्षतिग्रस्त कक्षाकोठा एउटा सामान्य मर्मत गर्नुपर्ने र ६३ वटा पुर्ननिर्माण गर्नुपर्ने देखिएको छ । यस बारेमा विस्तृत विवरण देहायको तालिकामा देखाइएको छ ।

*तालिका न.२२: भवन अनुसार पुनर्निर्माणको आवश्यकता सम्बन्धी विवरण*

| वडा नं. | विद्यालय सङख्या | भवनको संख्या | जम्मा क्षतिग्रस्त कक्षाकोठा | सामान्य मर्मत सम्भार | Retrofit आवश्यक | पुनर्निर्माण गर्नुपर्ने |
|---|---|---|---|---|---|---|
| १ | ३ | ७ | २३ | ० | ० | ७ |
| २ | ६ | १९ | ६१ | ० | ० | १९ |
| ३ | ५ | १० | ३२ | ० | ० | १० |
| ४ | ८ | १७ | ३४ | ० | ० | १३ |
| ५ | ७ | १७ | ३७ | १ | ० | १४ |
| जम्मा | २९ | ७० | १८७ | १ | ० | ६३ |

*स्रोत: गाविस स्तरीय छलफल, २०७३*

यस गाउँपालिकामा क्षतिग्रस्त भएका कक्षाकोठा मध्ये ४ वटाको मर्मत सम्भार भइसकेको छ, ८ वटा निर्माणाधिन र ५२ वटा निर्माणका लागि कसै संग कुनै सम्झौता हुन सकेको छैन । यसबारेको विस्तृत विवरण तलको तालिकामा देखाइएको छ ।

*तालिका नं. २३: विद्यालय पुनर्निर्माणको अवस्था (भवन अनुसार)*

| वडा नं. | विद्यालय सङख्या | भवनको संख्या | मर्मत सम्भार भइसकेको | निर्माणाधिन | प्रतिवद्धता प्राप्त भएको | प्रतिवद्धता प्राप्त नभएको |
|---|---|---|---|---|---|---|
| १ | ३ | ७ | ० | ० | ० | ७ |
| २ | ६ | १९ | ३ | ० | ० | १६ |
| ३ | ५ | १० | १ | ० | ० | ९ |
| ४ | ८ | १७ | ० | ८ | ० | ५ |
| ५ | ७ | १७ | ० | ० | ० | १५ |
| जम्मा | २९ | ७० | ४ | ८ | ० | ५२ |

*स्रोत: गाविस स्तरीय छलफल, २०७३*

महाभुकम्प पश्चात् लगातार आएको पराकम्पन र वर्षाले जनजीवन अत्यन्तै कष्टकर र त्रासदीपूर्ण अवस्थामा रहेको थियो । विद्यार्थी एवं शिक्षकहरु समेत मनोवैज्ञानिक रुपमा पठनपाठनका लागि तयार हुन नसकेको अवस्था थियो । विस्तारै विभिन्न संघ, संस्थाहरु र स्थानीयवासीहरुले भग्नावशेष पन्छाउने, सामान्य मर्मत सुधार गर्ने, शैक्षिक सामाग्री वितरण गर्ने, अल्पकालिन सिकाइ केन्द्र (TLC) निर्माण गर्ने कार्य गरेका थिए । केही विद्यालयहरुमा बहुकक्षा प्रणाली अपनाइएको थियो भने केही कक्षाहरु खुला आकाशमुनी पनि सञ्चालन गर्नुपर्ने बाध्यता थियो । यस गाउँपालिकाको भद्रुटारमा रहेको विद्यालयलाई जाइकाले मर्मत गरेको थियो ।

## ३.५ स्वास्थ्य

भुकम्प पश्चात् स्वास्थ्य संरचनाहरु भत्किएकाले गर्दा घाइतेहरुलाई अस्थायी शिविरहरुमा राखेर उपचार गरिएको थियो र जटिल अवस्थाका घाइतेहरुलाई अन्य अस्पतालममा रेफर गरिएको थियो । गाउँघरमा भएका एक दुई औषधी पसल, क्लिनिकहरुको संरचना पनि तहसनहस भएको थियो । भुकम्पका घाइतेहरुमाथि मुख्य ध्यान केन्द्रित भएकोले गर्भवती महिलाहरु, शिशुहरुको खोप कार्यक्रम समेत प्रभावित भएको थियो । जिल्ला अस्पतालबाट गएका चिकित्सकको टोली र अन्य संस्थाहरुले अस्थायी शिविर निमार्ण गरेर आकस्मिक सेवा प्रदान गरेका थिए । आवश्यक सामाग्री उपकरण लगायत अन्य आवश्यक सहयोग जाइका र युनिसेफ लगायतका संस्थाहरुले सहयोग

गरेका थिए । भुकम्पले विभिन्न स्वास्थ्य सम्बन्धित संस्थाहरुमा गरेको क्षति बारेको विवरण निम्नलिखित तालिकामा दिइएको छ ।

*तालिका नं. २४: स्वास्थ्य संस्थाहरुको क्षतिको अवस्था*

| वडा नं. | स्वास्थ्य संस्थाको संङख्या | जम्मा भवन | पूर्ण क्षति | आंशिक क्षति | क्षति नभएको | कैफियत (कोठाको संख्या) |
|---|---|---|---|---|---|---|
| १ | ० | ० | ० | ० | ० | ० |
| २ | २ | २ | १ | १ | ० | ० |
| ३ | १ | १ | १ | ० | ० | ० |
| ४ | ० | ० | ० | ० | ० | ० |
| ५ | १ | ३ | ० | ३ | ० | ० |
| जम्मा | ४ | ६ | २ | ४ | ० | ० |

*स्रोत: गाविस स्तरीय छलफल, २०७३*

भुकम्पले जम्मा ४ वटा स्वास्थ्य संस्थाहरुका क्षति पुऱ्याएको थियो, जसमा १ वटा भवनलाई रेट्रोफिट गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ । यस बारेको थप जानकारी तलको तालिकामा देखाइएको छ ।

*तालिका नं. २५: स्वास्थ्य संस्थाहरुको पुनर्निर्माणको आवश्यकताको अवस्था सम्बन्धी विवरण*

| वडा नं. | स्वास्थ्य संस्थाको संख्या | जम्मा क्षतिग्रस्त भवनको संख्या | सामान्य मर्मत | रेट्रोफिट आवश्यक | निमार्ण सम्पन्न भइसकेको |
|---|---|---|---|---|---|
| १ | ० | ० | ० | ० | ० |
| २ | २ | २ | ० | १ | १ |
| ३ | १ | १ | ० | ० | १ |
| ४ | ० | ० | ० | ० | ० |
| ५ | १ | ३ | ३ | ० | ० |
| जम्मा | ४ | ६ | ३ | १ | २ |

*स्रोत: गाविस स्तरीय छलफल, २०७३*

भुकम्पले जम्मा ६ वटा स्वास्थ्य संस्थाहरुमा क्षति पुऱ्याएको थियो, जसमा १ वटा भवनको निर्माण सम्पन्न भइसकेको छ । यस बारेको थप जानकारी तलको तालिकामा देखाइएको छ ।

*तालिका नं. २६: स्वास्थ्य संस्थाहरुको पुनर्निर्माणको अवस्था*

| वडा नं. | क्षतिग्रस्त भवन | निमार्ण सम्पन्न भइसकेको | निर्माणाधिन | सम्झौता भएको | सम्झौता नभएको | बिचैमा छोडेको |
|---|---|---|---|---|---|---|
| १ | ० | ० | ० | ० | ० | ० |
| २ | २ | १ | ० | ० | १ | ० |
| ३ | १ | ० | १ | ० | ० | ० |
| ४ | ० | ० | ० | ० | ० | ० |
| ५ | ३ | ० | ० | ० | ३ | ० |
| जम्मा | ६ | १ | १ | ० | ४ | ० |

*स्रोत: गाविस स्तरीय छलफल, २०७३*

भुकम्पले घाइते बनाएका तथा अन्य बिरामीहरुका उपचारका लागि विभिन्न संघसंस्थाहरुले सहयोग गरेका थिए । औषधि उपचारको व्यवस्थाका लागि जिल्ला अस्पतालबाट चिकित्सकको टोलीहरु आएका थिए । साथै अन्य

अन्तराष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरुले स्वास्थ्य परीक्षण, शिशुहरुको लागि खोप र गर्भवती महिलाहरुको परीक्षण र पौष्टिक खाना आदिका लागी सहयोग गरेका थिए । यस बारेमा थप विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका नं. २७: स्वास्थ्य क्षेत्रको पुनर्निर्माण तथा पुनर्स्थापनाका लागी कार्यरत संघसस्थाहरु*

| वडा नं. | क्रियाकलाप | क्रियाकलाप गरिएको क्षेत्र | संस्थाको नाम |
|---|---|---|---|
| १ | Committed | Chaughada | GON |
| २ | Constructed | Thaprek | JICA |
| ३ | Temporary Building | Panchakanya | UNICEF |

*स्रोत: गाविस स्तरीय छलफल, २०७३*

## ३.६ सार्वजनिक भवनहरु

विनासकारी भुकम्पबाट निजी भवन तथा सार्वजनिक संरचनाहरुमा पनि क्षति भएको थियो । भुकम्पले स्थानीय स्तरमा रहेका विभिन्न सहकारी तथा सामुदायिक भवनहरुमा पनि ठूलो क्षति पुऱ्याएको छ । यस गाउँपालिकामा भएका जम्मा ७ वटा सहकारी तथा सामुदायिक भवनहरुको किसिमहरुको बारेमा तल उल्लेखित तालिकामा देखाइएको छ । साविकका गाउँ विकास समितिका सबै कार्यालयहरु ध्वस्त भएका कारणले नै अहिले गाउँपालिकाको वडा कार्यालयहरु भाडामा नै रहेका छन् । यस गाउँपालिकामा क्षति भएका सामुदायिक तथा सहकारी भवनहरुको बारेमा विस्तृत जानकारी तलको तालिकामा दिइएको छ ।

*तालिका नं. २८: क्षतिग्रस्त सामुदायिक तथा सहकारी भवनहरुको संरचनागत विवरण*

| वडा नं. | सामुदायिक र सहकारी कार्यालयहरुको संख्या | जम्मा भवन (Block) | माटोको जडान | RCC |
|---|---|---|---|---|
| १ | १ | १ | १ | ० |
| २ | ५ | ५ | ४ | १ |
| ३ | १ | १ | ० | १ |
| ४ | ० | ० | ० | ० |
| ५ | ० | ० | ० | ० |
| जम्मा | ७ | ७ | ५ | २ |

*स्रोत: गाविस स्तरीय छलफल, २०७३*

यस गाउँपालिकामा भएका सहकारी तथा सामुदायिक भवनहरुमा पूर्ण क्षति भएका ५ र आंशिक क्षति भएको १ वटा भवनहरु छन् । यस बारेमा थप विवरण तल उल्लेखित तालिकामा देखाइएको छ ।

*तालिका नं. २९: सामुदायिक तथा सहकारी भवनहरुको क्षतिको अवस्था*

| वडा नं. | संस्थाको संङ्ख्या | जम्मा भवन | पूर्ण क्षति | आंशिक क्षति | क्षति नभएको |
|---|---|---|---|---|---|
| १ | १ | १ | १ | ० | ० |
| २ | ५ | ५ | ४ | १ | ० |
| ३ | १ | १ | ० | ० | ० |
| ४ | ० | ० | ० | ० | ० |
| ५ | ० | ० | ० | ० | ० |
| जम्मा | ७ | ७ | ५ | १ | ० |

*स्रोत: गाविस स्तरीय छलफल, २०७३*

केही सरकारी बजेट, सामुदायिक लगानी र श्रमदान गरेर तयार भएका भवनहरु ध्वस्त भएको अवस्था छ । यी सामुदायियिक तथा सहकारी भवनहरुको पुर्ननिर्माणको लागि हाल सम्म दातृ निकाय, संघसंस्था र सरकारी निकाय कसैसित सम्झौता भएको छैन ।

### ३.६.१ सरकारी भवनहरुको पुनर्निर्माण र पुनर्स्थापनाका लागि वित्तीय आवश्यकता

यस गाउँपालिकामा क्षति भएका सामुदायिक तथा सहकारी संस्थाहरुको पुर्ननिर्माण तथा पुर्नस्थापनाको लागी चाहिने अनुमानित लागत भुकम्पको क्षतिको आधारमा वडागत रुपमा देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

*तालिका नं. ३०: वित्तीय आवश्यकता (सामुदायिक तथा सहकारी भवनहरु)*

| वडा नं. | क्षति भएका योजनाहरु | लागत | कैफियत |
|---|---|---|---|
| १ | १ | - | |
| २ | ५ | ४००० | |
| ३ | ० | ० | |
| ४ | ० | ० | |
| ५ | ० | ० | |
| जम्मा | ६ | ४००० | |

*स्रोत: गाविस स्तरीय छलफल, २०७३*

## ३.७ साँस्कृतिक तथा पुरातात्विक सम्पदा

साँस्कृतिक तथा पुरातात्विक सम्पदाको दृष्टिकोणबाट पनि यो गाउँपालिकाको स्थान महत्वपूर्ण रहेको छ । मुख्यत: माटो र ढुंगाहरुले नै निर्माण भएका ति मन्दिरहरुलाई ठूलो असर परेको छ, आस्थाका धरोहरहरु भग्नावशेषमा परिणत भएका छन् । यस गाउँपालिकामा जम्मा १५ वटा मन्दिर तथा २ वटा गुम्बामा क्षति पुगेको थियो । जस मध्ये वडा नं. २ मा सबै भन्दा बढि ६ र सबै भन्दा कम वडा नं. १ मा १ वटा मन्दिरमा क्षति भएको थियो । यी मन्दिरहरुको पुनर्निर्माण गर्नका लागि धेरै लगानी आवश्यक पर्ने, र दाताहरुको मुख्य प्राथमिकतामा पनि नपरेका हुनाले मर्मत वा पुर्ननिर्माण गर्ने कार्य गाउँपालिका र स्थानीयवासीहरुको लागि ठूलो चुनौतिको रुपमा रहेको छ । भुकम्पबाट यि सम्पदाहरुमा भएको क्षतिको विवरण तलको तालिकामा दिइएको छ ।

यस गाउँपालिकामा भुकम्पले क्षति भएका मन्दिरहरुमा ८ वटामा माटोको जडान, १ वटामा सिमेन्टको जडान गरिएको थियो भने सबै गुम्बाहरु माटोको जडानबाट निर्मित हुन् ।

यस गाउँपालिकामा रहेका जम्मा १७ वटा पुरातात्विक सम्पदाहरु मध्ये भुकम्पले क्षति भएका पुरातात्विक सम्पदाहरुको क्षतिको अवस्थाको बारेको विवरण तलको तालिकामा देखाइएको छ ।

*तालिका नं. ३१: क्षति भएका पुरातात्विक सम्पदाहरुको क्षतिको अवस्था*

| वडा नं. | मठमन्दिरको संङख्या | पूर्ण क्षति | आशिंक क्षति |
|---|---|---|---|
| १ | १ | १ | ० |
| २ | ६ | ६ | ० |
| ३ | १ | १ | ० |
| ४ | ६ | ६ | ० |
| ५ | ३ | २ | १ |
| जम्मा | १७ | १६ | १ |

*स्रोत: गाविस स्तरीय छलफल, २०७३*

यस गाउँपालिकामा रहेका जम्मा १७ वटा पुरातात्विक सम्पदाहरु मध्ये भुकम्पले क्षतिको अवस्थाको बारेको विवरण तलको तालिकामा देखाइएको छ ।

*तालिका नं. ३२: क्षति भएका पुरातत्विक सम्पदाहरुको पुनर्निर्माणको आवश्यकताको अवस्था*

| वडा नं. | सम्पदाहरुको संख्या | सामान्य मर्मत | रेट्रोफिट आवश्यक | पुनर्निमार्ण आवश्यक | पुनर्निमार्ण आवश्यक नभएको | अन्य |
|---|---|---|---|---|---|---|
| १ | १ | ० | ० | १ | ० | ० |
| २ | ६ | ० | ० | ६ | ० | ० |
| ३ | १ | ० | ० | १ | ० | ० |
| ४ | ६ | ० | ० | ६ | ० | ० |
| ५ | ३ | ० | ० | ० | ० | ० |
| जम्मा | १७ | ० | ० | १४ | ० | ० |

*स्रोत: गाविस स्तरीय छलफल, २०७३*

हालसम्म यस गाउँपालिकामा क्षतिग्रस्त भएका पुरातात्विक सम्पदाहरु मध्ये कसैको पनि कुनै दातृ निकाय, संघसंस्था वा सरकारी निकायसगँ सम्झौता भएको छैन ।

### ३.७.१ पुनर्निर्माण र पुनर्स्थापनाका लागी वित्तीय आवश्यकता

स्थानीय स्तरमा उपलब्ध निर्माण सामाग्री र जनशक्तिको आधारमा, स्थानीय बुद्धिजिवी, इन्जिनियरहरुको प्रारम्भिक विश्लेषणको आधारमा यस गाउँपालिकामा क्षति भएका पुरातात्विक मठमान्दिरहरुको पुनर्निर्माण गर्न चाहिने लागत बारेको विवरण तलको तालिकामा देखाइएको छ ।

*तालिका नं. ३३: वित्तीय आवश्यकता*

| वडा नं. | पुन निर्माणका आयोजना (संख्यामा) | लागत | कैफियत |
|---|---|---|---|
| १ | १ | २०००.०० | |
| २ | ६ | ३००००.०० | |
| ३ | १ | २०००.०० | |
| ४ | ६ | १२६००.०० | |
| ५ | ३ | २००००.०० | |
| जम्मा | १७ | ६४६००.०० | |

*स्रोत: गाविस स्तरीय छलफल, २०७३*

## ३.८ सिँचाइ

भुकम्पबाट यस गाउँपालिकामा साना ठूला सबै गरेर १७ वटा सिंचाई आयोजनाहरु प्रभावित भएका थिए । खासगरी भुकम्पपश्चात्को पहिरोले पुरिएर, नहरहरु र बाँधहरु भत्किएर भएको नोक्सानी नै यसमा समावेश गरिएको छ । तलको तालिकामा क्षतिग्रत सिंचाई आयोजनाहरुको संख्या, त्यसबाट सिंचित क्षेत्रफल, नहरको लम्बाई र लाभान्वित घरधुरी देखाइएको छ ।

*तालिका नं. ३४: क्षति भएका सिचाई योजनाहरु*

| वडा नं. | आयोजनाको संख्या | सिंचित क्षेत्रफल हे. | नहरको लम्बाइ (किमी) | लाभान्वित घरधुरी | पुर्ण क्षतिग्रस्त | आंशिक क्षतिग्रस्त | हालसम्म मर्मत नभएको |
|---|---|---|---|---|---|---|---|
| १ | १ | ५५ | ५ | २८९ | ० | १ | १ |

| वडा नं. | आयोजनाको संख्या | सिंचित क्षेत्रफल हे. | नहरको लम्बाई (किमी) | लाभान्वित घरधुरी | पुर्ण क्षतिग्रस्त | आंशिक क्षतिग्रस्त | हालसम्म मर्मत नभएको |
|---|---|---|---|---|---|---|---|
| २ | २ | २५० | १२ | १३०० | ० | २ | २ |
| ३ | १ | ५० | २ | १५० | ० | १ | १ |
| ४ | ९ | १२४ | २७ | १०४० | ६ | ३ | ९ |
| ५ | ४ | ७५ | ९ | ३०० | ० | ४ | ४ |
| जम्मा | १७ | ५५४ | ५५ | ३०७९ | ६ | ११ | १७ |

*स्रोत: गाविस स्तरीय छलफल, २०७३*

*नोट: गाउँपालिका स्तरिय छलफलबाट यस गाउँपालिकाको वडा नं. ३ मा महभिर गौडा मुहान गरी सिमलचौर आले सिंचाई आयोजना, महभीर मुहान गरी डाडा खेत सिंचाई, गौमति मुहान गरी राम्चे सिंचाई आयोजना र वडा नं. ४ मा अडेखोला मुहान स्वारावेशी सिंचाई आयोजना साथै वडा नं. ५ मा महादेव खोला मुहान गरी विसमुरेटार फाँट सिंचाई आयोजना र भेडाबारी दर्ला ठूलो थपलिया टोल जाने महादेव खोला सिंचाई आयोजना पनि भएको जानकारी प्राप्त भएको छ ।*

यस गाउँपालिकामा भुकम्प पश्चात् सिचाईको योजनाहरुमा विभिन्न क्षति भएको पाइन्छ । जसमा बाँध भत्कनु र नहर पहिरोले पुर्नु मुख्य कारण हुन् । यस गाउँपालिकामा सिंचाईलाई व्यवस्थित तथा मर्मत सम्भार गर्नको लागी आवश्यक सहयोग भएको पाइएन तथापि स्थानियवासीले आफै सामान्य मर्मत गरेर केही योजनाहरु प्रयोगमा ल्याएका छन् भने केही अलपत्र नै रहेका छन् ।

### ३.८.१ पुनर्निर्माण र पुनर्स्थापनाका लागी वित्तीय आवश्यकता

यस गाउँपालिकामा क्षति भएका सिँचाई योजनाहरुको पुनर्निर्माण तथा पुनर्स्थापनाको लागि चाहिने अनुमानित लागत भुकम्पको क्षतिको आधारमा वडागत रुपमा देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

*तालिका नं. ३५: बित्तिय आवश्यकता*

| वडा नं. | क्षति भएका योजनाहरु | लागत इकाइ (हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | १ | १७५२.०० | |
| २ | २ | ६००००.०० | |
| ३ | १ | ८००.०० | |
| ४ | ९ | ३१५००.०० | |
| ५ | ४ | १२०००.०० | |
| जम्मा | १७ | १०६०५२.०० | |

*स्रोत: गाविस स्तरीय छलफल, २०७३*

## ३.९ भुकम्पबाट प्रभावित अन्य पुर्वाधारहरु

### ३.९.१ सडक र यातायात

यस गाउँपालिकाको सबै वडाहरुलाई सामान्य कच्चीबाटो ले जोडेको भए पनि सबै बाटोहरु नै मौसमी बाटोहरु नै हुन् । गाउँपालिकाको कार्यालय रहेको स्थान लाकुरीभञ्ज्याङ्ग सम्म पुग्ने बाटो कच्ची भएकोले भए पनि ठाउँठाउँमा भत्किएको, पहिरो गएकोले जोखिमपुर्ण यात्रा गर्नुपर्ने देखिन्छ ।

### ३.९.२ सञ्चार

संचार क्षेत्रमा भूकम्प पश्चात करिब २४ घण्टा मोबाइल र टेलिफोन सेवामा अत्यधिक चापका कारण सेवा अवरुद्ध भएको थियो ।

### ३.९.३ सडक, पुल र पदमार्ग

गाउँपालिकाको कार्यालयबाट सबैभन्दा नजिक र पहुचँमा रहेको वडाको रुपमा वडा नं. १ आँपचौर पर्दछ । वडा नं. १ देखि ५ सम्म सबै वडाहरुमा वर्षात्को मौसममा बाहेक अन्य मौसममा यातायातको आवागमन सहज छ । वडाहरुको प्रायः सबै टोलहरुमा बाटोको व्यवस्था भएको भए पनि सबै बाटोहरु वर्षातको समयमा असुरक्षित नै रहने गर्दछन् ।

*तालिका नं. ३६: क्षतिग्रस्त सडकहरु*

| क्र.सं. | बाटोको नाम | देखि | सम्म | बाटोको प्रकार | क्षतिको विवरण |
|---|---|---|---|---|---|
| १ | घलेभञ्याङ्ग-आप्रबजार सडक | घलेभञ्याङ्ग | आप्र | कच्ची | अधिक क्षति |
| २ | लिखु सडक | लिखु खोला | घलेभञ्याङ्ग | कच्ची | सामान्य |
| ३ | बच्छला मावि-लाकुरीभञ्ज्याङ्ग | बच्छला मावि | लाकुरीभञ्ज्याङ्ग | कच्ची | सामान्य |
| ४ | बुढिशेरा-लाकुरीभञ्ज्याङ्ग | बुढिशेरा | लाकुरीभञ्ज्याङ्ग | कच्ची | सामान्य |

*स्रोत: गाविस स्तरीय छलफल, २०७३*

यस गाउँपालिकामा भएका पुलहरु मध्ये धेरैजसो झोलुङ्गेपुलमा नै क्षति भएको देखिएको छ । भुकम्पले मुख्यतया झोलुङ्गे पुलहरुको जग चर्किने र लट्ठाहरु चुडिने जस्ता समस्याहरु देखा परेका छन् । तल दिइएको तालिकामा यस गाउँपालिकामा क्षति भएका पुलहरुको विवरण राखिएको छ ।

*तालिका नं. ३७: क्षतिग्रस्त पुलहरु*

| क्र.सं. | पुलको नाम | स्थान | नदि | पुलको लम्वाई (मि.) | प्रकार | क्षतिको प्रकार विवरण |
|---|---|---|---|---|---|---|
| १ | बुढिशेरा पुल | ४ | लिखु | ४२ | | सामान्य क्षति |
| २ | ढोडे खोला पुल | ५ | - | ४५ | झोलुङ्गे पुल | सामान्य क्षति |
| ३ | गोमति पुल | - | गोमती | १५ | झोलुङ्गे पुल | मुख्य क्षति |
| ४ | गोमति पुल | ९ | - | ८० | झोलुङ्गे पुल | सामान्य क्षति |
| ५ | जोरघट्टा पुल | ७ | - | ३० | झोलुङ्गे पुल | सामान्य क्षति |
| ६ | काभ्रे पुल | ५,४ | - | २५ | झोलुङ्गे पुल | मुख्य क्षति |
| ७ | सत्तरी पुल | ७ | लिखु | ३० | | सामान्य क्षति |
| ८ | तादी खोला पुल | - | तादी | १५० | झोलुङ्गे पुल | मुख्य क्षति |

*स्रोत: गाविस स्तरीय छलफल, २०७३*

यस गाउँपालिकामा रहेका मुख्य पदमार्गहरुको विवरण तलको तालिकामा दिइएको छ ।

*तालिका नं. ३८: क्षतिग्रस्त पदमार्ग*

| क्र.सं. | पदमार्गको नाम | देखि | सम्म | पुग्न लाग्ने समय |
|---|---|---|---|---|
| १ | सिमले हिले | सिमले | हिले | २ |
| २ | टेरघट्टा-वडा नं. ६ | टेरघट्टा | वडा नं. ६ | १.५ |
| ३ | वडा नं. ५, ६-वडा नं. ७ | वडा नं. ५, ६ | वडा नं. ७ | २ |

| क्र.सं. | पदमार्गको नाम | देखि | सम्म | पुग्न लाग्ने समय |
|---|---|---|---|---|
| ४ | वडा नं. ५-वडा नं. ६ | वडा नं. ५ | वडा नं. ६ | २ |
| ५ | वडा नं. ९-बाहुन टोल | वडा नं. ९ | बाहुन टोल | २ |

*स्रोत: गाविस स्तरीय छलफल, २०७३*

यस गाउँपालिकामा बाटो, गोरेटो तथा पुलहरुको निर्माणमा सरकारी क्षेत्रबाट सामान्य सहयोग भएता पनि सहयोग अपुग हुने तथा काममा ढिलासुस्तिको कारणले पुनर्निमाण तथा उचित मर्मत सम्भार हुन नसकेको पाइन्छ । यस बाटो, गोरेटो तथा पुलहरुको निर्माण तथा मर्मतका लागी आवश्यक रुपमा विभिन्न सरकारी तथा गैरसरकारी संस्थाको संलग्नता नहुनु, सानो बजेटले काम गर्न कठिन, निर्माण सामाग्रीको ढुवानी गर्न कठिन जस्ता चुनौतीहरु रहेको पाइन्छ ।

## ३.१० जलविद्युत तथा विद्युतीकरण

वडा नं. ४ र ५ का ३ वटा वस्तीहरुमा बाहेक अन्य सम्पूर्ण क्षेत्रमा विद्युत सुविधा रहेको छ । समग्रमा यस गाउँपालिकाको २५ प्रतिशत क्षेत्रमा विद्युतीकरण हुन सकेको छैन ।

## ३.११ सामाजिक सुरक्षा र जिबिकोपार्जन

### ३.११.१ सङ्कटासन्नताको अवस्थाका समुदाय

गाउँपालिकामा भुकम्प पश्चातको जोखिममा रहेका समुदायको बिवरण प्रस्तुत गरिएको छ । यस गाउँपालिकामा रहेका अनाथहरु २ जना, एकल महिला ४ जना र ५ जना घाइते भएका थिए ।

*तालिका नं. ३१: पहिरोग्रस्त क्षेत्र*

| क्र.सं. | स्थान | प्रभावित क्षेत्र (मिटरमा) | प्रभावित घरधुरी | कैफियत |
|---|---|---|---|---|
| १ | खोले टोल | ४०० | २० | |
| २ | पिपलगढी | १०० | ३० | |
| ३ | सिके देखि केउरेनी | ३०० | ४ | |
| ४ | सिमार | १०० | ३० | |
| ५ | थोप्रे टोल | ८० | २० | |
| | जम्मा | ९८० | १०४ | |

*स्रोत: गाविस स्तरीय छलफल, २०७३*

भूकम्प पश्चात कृषि क्षेत्रको उत्पादनमा कमी आउनु तथा बसोबास गरेको घर भत्केको हुदा बस्नको लागी समस्या भएकोले कारणले यिनीहरुको स्वास्थ्य तथा सरसफाईको लागि समस्या भएको छ । खानेपानीको समस्या, बसोबासको लागी सुरक्षित स्थानको कमी र यस समुदायका मानिसहरुमा आत्मविश्वास तथा चेतनाको कमी हुनु, सरकारी निती तथा नियमको उचित कार्यान्वयन हुनु जस्ता चुनौतीहरु रहेका छन् ।

### ३.११.२ जिविकोपार्जन


यस गाउँपालिकामा आर्थिक क्रियाकलापहरुमा कृषि पेशा गर्ने मानिसहरुको बाहुल्यता रहेको पाइन्छ । सिँचाईको समस्याले गर्दा कृषि उत्पादन नभएकोले मानिसहरुको जिविकोपार्जनमा प्रभाव परेको छ । काम गर्न सक्ने उमेर समूहका युवाहरु भुकम्पबाट भएको क्षतिको कारणले बैदेशिक रोजगारीमा गएको पाइन्छ । त्यसैगरी व्यवसाय गाउँपालिकाका मानिसहरुको भौतिक संरचनाहरु भत्किएकोले व्यवसाय नै बन्द गर्नुपर्ने तथा सहज रुपमा व्यवसाय


संचालन गर्न नसकिने अवस्था पनि रहेको छ । भुकम्प पश्चात पनि लगातार आइरहेको पराकम्पनले उब्जाएको त्रासका कारण कोही पनि तुरुन्त खेतीपातीको काममा फर्किन सकेका थिएनन् । घरमा भण्डारण गरिएको अन्न र बिउबिजन पनि नष्ट भएको कारणले गर्दा मानिसहरु खेतीपाती गर्न भन्दा तुरुन्त नगद आउने काम ज्याला मजदुरी गर्न तर्फ लागेका थिए ।

ब्जाएको
अन्न र
ज्याला





# अनुसूची : स्रोत नक्साहरु



NEPAL
NUWAKOT DISTRICT
Kispang Gaunpalika
Langtang National Park
Maghang Gaunpalika
Bidur Nagarpalika
Suryagadhi Gaunpalika
Tadi Gaunpalika
Dupcheshwar Gaunpalika
Tarkeshwar Gaunpalika
Likhu Gaunpalika
Panchakanya Gaunpalika
Shivapuri Gaunpalika
Belkotgadhi Nagarpalika
Kakani Gaunpalika
1
2
3
4
5
NUWAKOT DISTRICT
Panchakanya Gaunpalika
Technical Asistance to the Government of Nepal on Post-Earthquake Reconstruction Planning (PERP)
Map 1
Location Map



VDCs
Naukunda Gaunpalika
Suryagadhi Gaunpalika
Tadi Gaunpalika
Dupcheshw Gaunpalika
Kabilas
Panchakanya
Thaprek
Bhadrutar
haughada
Likhu Gaunpalika
Shivapuri Gaunpalika
Kakani Gaunpalika
KATHMANDU
Rural Municipality/ Municipality
NUWAKOT DISTRICT
Panchakanya Gaunpalika



PANCHAKANYA GAUNPALIKA
NUWAKOT DISTRICT
NEPAL
Technical Assistance to the Government of Nepal on Post-Earthquake Reconstruction Planning (PERP)
Tadi Gaunpalika
Suryagadhi Gaunpalika
Dupcheshwar Gaunpalika
Shivapuri Gaunpalika
Likhu Gaunpalika
Kakani Gaunpalika
Ward-1
Ward-2
Ward-3
Ward-4
Ward-5



NUWAKOT
Tadi
Gaunpalika
Samundr
Bahunbesi Anpra
Dupcheshwar
Gaunpalika
Gankhar Bagaincha
1
2
3
4
5
1000
1500
2000
Likhu
Gaunpalika
Chhahare
Shivapuri
Gaunpalika
NUWAKOT DISTRICT
Technical Asistance to the Government of
Nepal on Post-Earthquake
Reconstruction Planning (PERP)
Legend
Stragetic Road Network
District Road Core Network
Urban Road
Village Road
1 0 1 2 3 4 km


NUWAKOT
Tadi Gaunpalika
Bahunbesi Anpra
Tadi Khola
Dupcheshwar Gaunpalika
Likhu Gaunpalika
Shivapuri Gaunpalika
1
2
3
4
5
1000
1500
2000
Legend
0 - 1000
1001 - 2000
2001 - 3000
3001 - 4000
≥ 4000
NUWAKOT DISTRICT
Panchakanya Gaunpalika



NUWAKOT
Tadi
Gaunpalika
Bahunbesi Anpra
Dupcheshwar
Gaunpalika
Likhu
Gaunpalika
Shivapuri
1
2
3
4
5
Legend
0 - 20%
20 - 40%
40 - 60%
60 - 80%
80 - 100%
NUWAKOT DISTRICT
Panchakanya Gaunpalika



NUWAKOT
Tadi Gaunpalika
Bahunbesi Anpra
Dupcheshwar Gaunpalika
Likhu Gaunpalika
Shivapuri Gaunpalika
Chhahare
1
2
3
4
5
Legend
0 - 20%
21 - 40%
41 - 60%
61 - 80%
81 - 100%
NUWAKOT DISTRICT
Panchakanya Gaunpalika



NUWAKOT
Tadi
Gaunpalika
Dupcheshwar
Gaunpalika
Likhu
Gaunpalika
Shivapuri
Gaunpalika
Legend
≤ 1
1 - 3
4 - 6
7 - 9
≥ 9
NUWAKOT DISTRICT
Panchakanya Gaunpalika
Technical Assistance to the Government of Nepal on Post Earthquake Reconstruction Planning (PERP)
UK aid
Map 8



NUWAKOT
Tadi Gaunpalika
Bahunbesi Anpra
Tadi Khola
Dupcheshwar Gaunpalika
Likhu Gaunpalika
Likhu Khola
Chhahare
Budhisera
Shivapuri Gaunpalika
Legend
< 1
1 - 50
51 - 100
101 - 150
151 - 200
> 200
1 0 1 2 3 4 km
NUWAKOT DISTRICT
Panchakanya Gaunpalika
Technical Asistance to the Government of Nepal on Post-Earthquake Reconstruction Planning (PERP)
UKaid
ICF
In association with AECOM & SDIC
Map 10
Damaged Education Institutions


NUWAKOT
Tadi Gaunpalika
Bahunbesi Anpra
Tadi Khola
Dupcheshwar Gaunpalika
Likhu Gaunpalika
Likhu Khola
Chhahare
Budhisera
Shivapuri Gaunpalika
Legend
< 1
1 - 3
4 - 6
7 - 9
> 9
1 0 1 2 3 4 km
NUWAKOT DISTRICT
Panchakanya Gaunpalika
Technical Asistance to the Government of Nepal on Post-Earthquake Reconstruction Planning (PERP)
UKaid
ICF
In association with AECOM & SDIC
Map 11
Damaged Health Institutions


NUWAKOT
Tadi Gaunpalika
Bahunbesi Anpra
Tadi Khola
Dupcheshwar Gaunpalika
Likhu Gaunpalika
Likhu Khola
Chhahare
Budhisera
Shivapuri Gaunpalika
1
2
3
4
5
1000
1500
2000
Legend
< 1
1 - 3
4 - 6
7 - 9
> 9
1 0 1 2 3 4 km
NUWAKOT DISTRICT
Panchakanya Gaunpalika
Technical Asistance to the Government of Nepal on Post-Earthquake Reconstruction Planning (PERP)
UKaid
ICF
In association with AECOM & SDIC
Map 12
Damaged Public Building





**NUWAKOT DISTRICT**
**Panchakanya Gaunpalika**

Technical Asistance to the Government of Nepal on Post-Earthquake Reconstruction Planning (PERP)

UKaid — In association with AECOM & SDIC

**Map 13**

**Damaged Cultural Monuments**


NUWAKOT
Tadi Gaunpalika
Dupcheshwar Gaunpalika
Likhu Gaunpalika
Shivapuri Gaunpalika
Chhahare
Budhisera
Likhu Khola
Tadi Khola
Legend
< 1
0 - 10
11 - 20
21 - 30
<30
1 0 1 2 3 4 km
NUWAKOT DISTRICT
Panchakanya Gaunpalika
Technical Asistance to the Government of Nepal on Post-Earthquake Reconstruction Planning (PERP)
UKaid
ICF
In association with AECOM & SDIC
Map 14
Damaged Irrigation Projects